"सुरक्षित र समृद्ध कोशीको आधार ! कृषि, पर्यटन र दिगो पूर्वाधार !!"

कोशी गाउँपालिकाको प्रथम आवधिक योजना



# प्रथम आवधिक बिकास योजना

## (आ.व. २०७८/२०७९ - २०८२/०८३)








## कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी, प्रदेश नं. १

असार २०७८

| | | |
|---|---|---|
| दस्तावेजः | आवधिक विकास योजना २०७८ | |
| **प्रकाशकः** | | **कोशी गाउँ कार्यपालिकाको कार्यालय, लौकही, सुनसरी**<br>https://koshimun.gov.np/ |
| सर्वाधिकारः | प्रकाशकमा | |
| प्राविधिक सहयोगः | | *Centre for Sustainable Development Studies Pvt. Ltd. (CSDS)*<br>*www.csds.com.np* |
| © फोटो | | |

**कोशी गाउँपालिकाको राजनितिक नक्शा**




श्रोतः स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन २०७३

# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### लौकही, सुनसरी
### प्रदेश नं. १

**प्रकाशकीय**

...........................
ऐयुब अन्सारी
अध्यक्ष

मितिः

# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### लौकही, सुनसरी
### प्रदेश नं. १

**मन्तब्य**

...........................
अनितादेवी यादव
उपाध्यक्ष
मितिः

# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लौकही, सुनसरी
## प्रदेश नं. १

**मन्तब्य**

..........................
खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत
मितिः

# आवधिक विकास योजनाको सारसंक्षेप

| विकास अवधारणा | विवरण |
|---|---|
| **दीर्घकालिन सोच** | **"सुरक्षित र समृद्ध कोशीको आधार ! कृषि, पर्यटन र दिगो पूर्वाधार !!"** |
| लक्ष्य | ***व्यवसायिक कृषि, पर्यटन, गुणस्तरीय शिक्षा र गुणस्तरीय पूर्वाधारको अन्तरआबद्धताबाट सुरक्षित र समृद्ध कोशी*** गाउँपालिका बनाउने |
| | |
| दीर्घकालिन सोचँको आधारहरु (निर्देशक सिद्दान्त) | (तलको तालिका हेर्नुहोस्) |

| **सुरक्षित** | **समृद्ध** |
|---|---|
| १.१ दीगो पूर्वाधार र आर्थिक अन्तरसम्बन्ध | २.१ व्यवसायिक कृषि र रोजगारी |
| १.२ स्वस्थ र सन्तुलित पर्यावरण | २.२ तिब्र उत्पादन र दीगो उत्पादकत्व |
| १.३ जैविक विविधताको संरक्षण | २.३ प्रतिस्पर्धी मानवपूँजी निर्माण |
| १.४ प्रभावकारी विपद् व्यवस्थापन | २.४ उच्च तथा समतामुलक आय |
| १.५ जैविक कृषि | २.५ सुशासन |
| १.६ सामाजिक सुरक्षा तथा न्याय | २.६ सभ्य र न्यायपूर्ण समाज |

**उद्देश्य**

- व्यवसायिक कृषि, रोजगारी र आयमा तिब्र र दीगो वृद्धि गर्नु ।
- स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु ।
- गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा अन्तरआवद्धतामा बृद्धि गर्नु ।
- वनस्पति, जमीन र जलश्रोतको दीगो उपयोग गर्दै विपद्जोखिममुक्त पालिका बनाउनु ।
- सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिबृद्धि गर्नु ।

**रणनीतिहरू**

- कृषि क्षेत्रमा नयाँप्रविधिको प्रयोग तथा व्यवसायिक उत्पादन मार्फत दीगो र छिटो आर्थिक बृद्धि गरी समृद्धि हासिल गर्ने ।
- प्राकृतिक श्रोत, वन्यजन्तु, कला र सँस्कृतिको जगेर्ना मार्फत पर्यटन क्षेत्रको प्रवद्र्धन गरी रोजगारी बृद्धि गर्ने ।
- समावेशी, प्राविधिक, व्यवसायिक तथा जीवनोपायोगी शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाई, मार्फत स्वस्थ, सिर्जनशिल, सीपयुक्त र सभ्य मानवीय शक्तिको विकास गर्ने ।
- व्यवस्थित यातायात, सुरक्षित आवास तथा पूर्वाधार विकासको माध्यमबाट आर्थिक अन्तरसम्वन्धको विकास गरी आधारभूत सुविधाको पहुँचमा बृद्धि गर्ने ।
- जैविक विविधता संरक्षणलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरी विकासलाई समावेशी र दीगो बनाउने ।
- पूर्व तयारी, प्रतिकार्य, उद्दार कार्य र पुनस्थापना कार्यको लागि क्षमतामा अभिबृद्धि गरी विकास तथा जनजीवनलाई सुरक्षित तथा विपद् जोखिममुक्त बनाउने ।
- अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाजको साझेदारी र सहशासनको माध्यमद्वारा विकासको गतिलाई तिब्र बनाउने ।

**योजना लागि आवश्यक स्रोत अनुमान**

| विषयक्षेत्रगत समूह | आवश्यक रकम | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | ४४२२०० | १०.४ |
| सामाजिक विकास क्षेत्र | १०६५०२ | २.५ |
| भौतिक पूर्वाधार | २५१२००० | ५९.२ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | **७९३५००** | १८.७ |
| संस्थागत विकास तथा सुशासन | ३८८,७१५ | ९.२ |
| कुल जम्मा | **४,२४२,९१७** | १००.० |

<table>
<tr><th>विकास अवधारणा</th><th colspan="6">विवरण</th></tr>
<tr><td rowspan="3">योजनाको स्रोत प्रक्षेपण</td><td colspan="6">वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा)</td></tr>
<tr><td>२०७८/७९</td><td>२०७९/८०</td><td>२०८०/८१</td><td>२०८१/८२</td><td>२०८२/८३</td><td>कूल</td></tr>
<tr><td>४८०५११</td><td>५५३५६३</td><td>६३२२१६</td><td>७२२२८३</td><td>८२५४५१</td><td>३,२१४,०२४.१</td></tr>
<tr><td>योजनाको नपुग रकम</td><td colspan="6">रू हजारमा : १,०२८,८९२ (२४.२%)</td></tr>
</table>

**योजना तर्जुमा कार्यशाला गोष्ठीमा छलफल भइ प्रमाणीकरण गोष्ठीबाट पारित गरिएका गाउँपालिका गौरवका योजनाहरू**

१. गाउँपालिका भवन निर्माण
२. वडा कार्यालय भवन निर्माण
३. १५ शैयाको अस्पताल निर्माण
४. Engineering College स्थापना तथा सञ्चालन
५. कृषि बिधुतिकरण
६. उन्नत तरकारी खेति
७. फलफूल खेति (कागती, ड्रागन फल आदि )
८. दुग्ध संकलन केन्द्र
९. एक घर एक खानेपानी धारा कार्यक्रम
१०. अध्यक्ष युवा स्वरोजगार
११. सिपेज कुलो पइनी निर्माण कायक्रम (RCC)
१२. कृषि हटिया सेड निर्माण
१३. विपन्न आवस भवन निर्माण कार्यक्रम
१४. वि.पि. स्मृति भवन तथा सङग्रहलय निर्माण
१५. कोशी टप्पु View Tower निर्माण
१६. Indoor stadium (कबर्ड हल)
१७. Cold store (कृषि चिस्यान केन्द्र)
१८. Industrial Corridor (औधोगिक क्षेत्र निर्माण)
१९. सडक पेटीमा बृक्ष रोपन (वनमा बजेट)
२०. जडिबुटी प्रबर्धन कार्यक्रम
२१. वन्यजन्तुको आक्रमणबाट जोगिन ट्रेन्ज निर्माण

# शब्द संक्षेप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| आर सि.सि. (RCC) | : | Reinforced Cement Concrete |
| एफ. Pd (FM) | : | Frequency Modulation |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गापा | : | गाउँपालिका |
| झो.पु. | : | झोलुङ्गे पुल |
| नं. | : | नम्बर |
| नपा | : | नगरपालिका |
| वि.सं. | : | विक्रम सम्वत |
| मावि | : | माध्यमिक विद्यालय |
| मि. | : | मिटर |
| रु. | : | रुपैयाँ |
| लैससास | : | लैगिक समता तथा सामाजिक समावशीकरण |
| हे. | : | हेक्टर |
| हेअ (HA) | : | Health Assistant |

## विषय सूची

*परिच्छेद १: परिचय*

१.१पृष्ठभूमि ...... १
१.२ योजना तर्जूमाको उद्देश्य...... १
१.३ कानूनी तथा नीतिगत ब्यवस्था...... २
१.४ आवधिक विकास योजना तर्जूमा तथा प्रक्रिया ...... ३
१.४.३ आधाररेखा सूचना संकलन तथा वस्तुस्थिति विश्लेषण ...... ४
१.५ सीमा...... ५

**परिच्छेद २ गाउँपालिकाको संक्षिप्त परिचय**

२.१ परिचय...... ६
२.२ भौगोलिक अवस्थिति...... ६
२.३ भूउपयोगको अवस्था ...... ६
२.४ राजनीतिक अवस्थिति ...... ९
२.५ ऐतिहासिक चिनारी तथा नामाकरण ...... ९

**परिच्छेद ३ योजनाको अवधारणा र प्रारुप**

३.१ गाउँ विकासको दीर्घकालिन सोचः...... १०
३.२ लक्ष्य तथा उद्धेश्य...... १२
३.३ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु...... १२
३.४ नतिजा तालिका...... १३

**परिच्छेद-४ आर्थिक विकास क्षेत्र**

४.१ कृषि तथा सिंचाइ क्षेत्रको योजना ...... १७
४.१.४ कार्यक्रम तथा योजना ...... २४
४.२.४ कार्यक्रम तथा योजना...... २८
४.३ उद्योग, व्यापार तथा बित्तीय क्षेत्रको बिकास योजना...... २९
४.३.१ वस्तुस्थिति विश्लेषण...... २९
४.३.३ उद्योग, व्यापार तथा बित्तीय बिकास क्षेत्रको बिकास नतिजा तालिका...... ३१

**परिच्छेद ५**
**सामाजिक बिकास योजना**

५.१ पृष्ठभूमि...... ३९
५.२ वस्तुस्थिति विश्लेषण ...... ३९
**५.३ सामाजिक बिकास क्षेत्रको विकास अवधारणा**...... ४२
**५.३.१ लक्ष्य**...... ४२
**५.३.२ उद्देश्य**...... ४२
**५.३.३ रणनीति तथा कार्यनीति** ...... **४२**
**५.३.४ सामाजिक बिकास क्षेत्रको बिकास नतिजा तालिका**...... ४४

**परिच्छेद ६ भौतिक पूर्वाधार विकास योजना** ...... ५४
६.१.१ सडक यातायात तथा पुल ...... ५४

६.१.२ सडक यातायात तथा पुक्षेत्रका यातायात तथा पुल क्षेत्रका वस्तुस्थिति विश्लेषण ....................५४
६.२.१ सडक तथा यातायात....................................................................................54
६.२.२ पुल...........................................................................................................५४
**६.१.३ यातायात तथा पुलक्षेत्रगको विकास अवधारणा**..........................................................५५
**६.१.३.१ उद्देश्य**...........................................................................................................**५५**
६.१.३.३ रणनीति तथाकार्यनीति.....................................................................................५५
**६.१.३.४ सडक तथा यातायात क्षेत्रको बिकास नतिजा तालिका**...............................................५५
**६.१.४ सडक यातायात तथा पुलक्षेत्रको कार्यक्रम तथा योजना**...............................................**५७**
**परिच्छेद ६ भौतिक पूर्वाधार विकास योजना**..........................................................................**५८**
६.३.१ आवास, भवन तथा वस्ती विकास.........................................................................५८
६.३.२ आवास, भवन तथा वस्ती विकासक्षेत्रका वस्तुस्थिति विश्लेषण.........................................५८
६.३ आवास, भवन तथा वस्ती विकासक्षेत्रको विकास अवधारणा..............................................५९
**६.३.१ उद्देश्य**..........................................................................................................५९
**६.३.३ रणानीति तथा कार्यनीति**.......................................................................................५९
**६.३.३.४ आवास, भवन तथा वस्ती विकासक्षेत्रको बिकास नतिजा तालिका**.................................५९
६.३.४.२ कार्यक्रम तथा योजना.......................................................................................६१
**परिच्छेद ७ वन, वातावरण तथा विपद् व्यवस्थापन**......................................................................६२
**७.१.१ वन तथा वातावरण क्षेत्रको विश्लेषण**..........................................................................६२
**७.१.१ वन क्षेत्र**.........................................................................................................६२
**७.१.२ वातावरण संरक्षण तथा जलवायु परिवर्तन**.....................................................................६२
७.१.२ वन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन क्षेत्रको विकास अवधारणा................................६३
७.१.२.१ उद्देश्य..........................................................................................................६३
७.१.२.२ बन तथा वातावरण क्षेत्रको बिकास नतिजा तालिका.......................................................६५
७.१.३ कार्यक्रम तथा योजना..........................................................................................६७
७.२.२ भू तथा जलाधार व्यवस्थापन क्षेत्रको विकास अवधारणा....................................................६९
७.२.२.१ उद्देश्य..........................................................................................................६९
**७.२.२.२ भू तथा जलाधार व्यवस्थापन क्षेत्रको बिकास नतिजा तालिका**.........................................७०
७.२.२.४ कार्यक्रम तथा योजना.........................................................................................७१
७.३ विपद् व्यवस्थापन..................................................................................................७२
७.३.१ विपद् व्यवस्थापनको अवस्था...................................................................................७२
७.३.२ विपद् व्यवस्थापन क्षेत्रको विकास अवधारणा...............................................................७२
**७.३.२ उद्देश्य**..........................................................................................................७३
७.३.३.४ विपद् व्यवस्थापन क्षेत्रको बिकास नतिजा.................................................................७४
७.३.४ कार्यक्रम तथा योजना............................................................................................७५
**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन**
८.१ पृष्ठभूमि............................................................................................................७६
८.२ वस्तुस्थिति विश्लेषण.............................................................................................७६
**८.३ विषय क्षेत्रगत विकास अवधारणा**.............................................................................७७

८.३.१ लक्ष्य ........ ७८
८.३.२ उद्देश्य ........ ७८
८.३.३ संस्थागत विकास तथा सुशासन क्षेत्रको बिकास नतिजा तालिका ........ ७९
८.३.४ कार्यक्रम तथा योजना ........ ८२

## परिच्छेद ९ बित्तीय श्रोत विश्लेषण तथा व्यवस्थापन

९.१ विगतमा प्राप्त स्रोतको अवस्था ........ ८४
९.२ स्रोत अनुमान तथा प्रक्षेपण ........ ८५
९.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट ........ ८७
**आवधिक योजनाको अनुमानित ाेतको क्षेत्रगत अनुपात** ........ ८९
९.४ श्रोत परिचालन रणनीति ........ ८९
९.५ आवधिक विकास योजना कार्यान्वयन ........ ९०

# परिच्छेद १: परिचय

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई जनताको नजिकको सरकारको रुपमा अघि सारेको छ। संविधान र ऐनले तोकेको कार्यक्षेत्र र दिएको काम, कर्तव्य र अधिकारलाई सहि ढंगले उपयोग गरी जनतालाई समृद्ध र गाउँपालिकालाई बिकसित बनाउनु स्थानीय सरकारको दायित्व बनेकोछ। यस दायित्व तथा जिम्मेवारीलाई योजनाबद्ध तरिकाले बहन गर्न कोशी गाउँपालिकाले आफ्नो आवधिक गाउँ बिकास योजना (२०७८/०७९–२०८२/८३) तयार गरेको छ। उक्त योजनाको यस परिच्छेदमा योजना तर्जूमाको पृष्ठभूमि, औचित्य, यसको उद्देश्य, योजना तर्जूमा चरणहरु आदि प्रस्तुत गरिएको छ।

## १.१ पृष्ठभूमि

बि. सं. २०७२ सालमा नेपालको संविधान जारी भएसंगै नेपालमा संघात्मक शासन प्रणालीको सुरुवात भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएसंगै नेपालमा तीन तहका सरकारहरु संविधानले तोकेको कार्यक्षेत्र अनुसार सञ्चालनमा आएका छन्। नेपालको पुनरसंरचना हुने क्रममा ३९१५ गाउँ विकास समिति (गा.वि.स.) हरुलाई ७५३ स्थानीय तहमा परिणत गरिएको छ। अन्य स्थानीय तहमा झै कोशी गाउँपालिकाकमा पनि बि. सं. २०७४ मा पहिलो पटक स्थानीय सरकारको निर्वाचन भएकोछ। नयाँ संरचना अन्तर्गतको पहिलो स्थानीय सरकारका सामु विभिन्न संविधान प्रदत्त कानून बनाउने साथै योजनाबद्ध बिकासको सुरुवात गर्नु पर्ने दयित्व आएको छ।

गाउँपालिकाहरुले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने कुरा ऐनले व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जूमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी गर्नुपर्ने कुरा समेत उल्लेख छ। यसैगरी योजना तर्जूमा गर्दा सुशासन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएकोछ। यसका अतिरिक्त योजना तर्जूमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ।

नयाँ शासन प्रणालीमा नयाँ नेतृत्वसँग जनताले गर्ने अपेक्षा, कानूनमा भएको प्रावधान र विकास निर्माणलाई नतिजामुखी बनाउनु पर्ने दायित्वलाई पुरा गर्न कोशी गाउँपालिकाको प्रथम आवधिक योजना (२०७८/०७९–२०८२/८३) तर्जूमा भएको हो। यस योजनाले गापाको दीर्घकालिन सोंच निर्धारण गरी, आगामी ५ वर्षमा गापालाई कस्तो अवस्थामा पु¥याउने भनेर लक्ष्य किटान र सो प्राप्तिका लागि श्रोत परिचालनको योजना समेत तर्जूमा गरेकोछ। गापाको नतिजामुखी तथा समग्र विकासमा यो योजनाले मध्यमकालिन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमलाई मार्गदर्शन गर्दै जाने विश्वास लिईएको छ।

## १.२ योजना तर्जूमाको उद्देश्य

गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध तथा नतिजामुखी विकास प्रकृयामा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई गाउँपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक गाउँ विकास योजनाको मुख्य उद्देश्य हो। यस योजनाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन्ः

- गाउँको विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्नु।

- गाउँपालिका क्षेत्रको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्नु ।
- विगतमा परिचालन हुदै आएको स्रोतको स्थितिको विश्लेषण गरी आगामी दिनमा जनआकांक्ष र आवश्यकता अनुसार गाउँको विकास निर्माण कार्यलाई श्रोतसंग सन्तुलन गर्ने तथा विकास निर्माणको लागि आवश्यक थप श्रोत परिचानलमा सहयोग पु¥याउनु ।
- गाउँबासी तथा सरोकारवालाको चाहानाअनुसार सहभागितामुलक तथा सर्वपक्षीय अपनत्वको आधारमा गाउँको विकासलाई सुत्रपात गर्नु ।
- विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरू तय गर्नु ।
- विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

## १.३ कानूनी तथा नीतिगत ब्यवस्था

स्थानीय तहको आवधिक विकास योजना तर्जूमाका कानूनी तथा नीतिगत आधारका रुपमा नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन २०७५ (नमुना) र आवधिक विकास योजना तर्जुमा सम्बन्धमा कोशी गाउँ कार्यपालिकाले पारित गरेको आवधिक विकास योजना तर्जूमा कार्यविधी २०७६ मुख्य रुपमा रहेका छन् । यस्का साथै नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु स्थानीय योजना तर्जूमाको कानूनी आधारको रुपमा रहेकाछन् । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्यविस्तृतीकरण प्रतिवेदनमा स्थानीयस्तरका आवधिक विकास योजना र वार्षिक योजना तथा बजेट स्वीकृतीसम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ दफा २४ उपदफा १ मा गाउँ÷नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने कुरालाई स्पष्ट पारेको छ । ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाले योजना तर्जूमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने
- योजनामा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जूमा तथा कार्यान्वयन गर्दा स्थानीय वृद्धिजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जूमा गर्दा आयोजनाहरूको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,

- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने,
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने,
- स्थानीयस्तरका विकास आयोजनाहरूको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने,
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो वार्षिक कार्यक्रम तथा बजेट स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने ।

स्थानीय तहको योजना तजुर्मा दिग्दर्सन २०७५ (नमुना) लाई कोशी गाउँपालिकाले अनुमोदन गरी आवधिक विकास योजना तर्जूमा कार्यविधी २०७८ जारी गरेको हो जस्ले आवधिक विकास योजना तर्जूमा सम्बन्धी ढाँचा, चरण र प्रकृया सम्बन्धमा स्पष्ट पारेको छ । यसका अतिरिक्त कोशी गाउँपालिकाको आवधिक विकास योजना तर्जूमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरूलाई समेत आधारका रुपमा लिइएको छः

- दीगो विकासका लक्ष्यहरू
- पन्ध्रौ योजना २०७६—८१
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरू
- प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ — २०८०/८१)
- प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना (आ.व. २०७६/७७–२०७८/७९)
- कोशी गाउँपालिकाको कृषि गुरुयोजना २०७५ देखि २०८५
- कोशी गाँउपालिकाको उद्यम विकास रणनीतिक योजना (२०७५/०७६ देखि २०७९/०८०)
- कोशी गाउँपालिकाको पूर्बाधार व्यवस्थापन ऐन, २०७७
- कोशी गाउँपालीकाको पर्यटन प्रवद्र्धन रणनीतिक योजना २०७४ – २०७९

## १.४ आवधिक विकास योजना तर्जूमा तथा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना गाउँ कार्यपालिकाबाट तयार तथा स्वीकृत कार्यविधि बमोजिम देहायको विधि तथा प्रक्रिया अनुसार तर्जूमा गरिएको हो ।

### १.४.१ आवधिक विकास योजना तर्जूमा कार्यविधि तयारी तथा स्वीकृती

आवधिक विकास योजना तर्जूमाको पहिलो चरणमा आवधिक विकास योजना तर्जूमा कार्यविधि मस्यौदालाई कोशी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी सोही कार्यविधि बमोजिम आवधिक विकास योजना तर्जूमा गरिएकोछ ।

### १.४.२ आवधिक योजना तर्जुमा अभिमुखीकरण गोष्ठी

तोकिए बमोजिमको ढाँचामा आवधिक विकास योजना तर्जूमा गर्ने निर्णय बमोजिम गाउँपालिकाको आयोजना र बिज्ञ टोलीको सहजीकरणमा २०७७ साल चैत्र २६ गते आवधिक विकास योजना तर्जूमा सम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न गरी योजना तर्जूमाको लागि आवश्यक समितिहरु र कार्ययोजना बनाई योजना तर्जुमा प्रकृयालाई  अगाडि बढाइएको हो ।

### १.४.३ आधाररेखा सूचना संकलन तथा वस्तुस्थिति विश्लेषण

आवधिक विकास योजना तर्जूमाको महत्वपूर्ण आधारका रुपमा रहेको गाउँपालिकाको वस्तुगत विवरणको अथवा आधारभूत सूचना निर्देशिकामा उपलब्ध फारामहरुको प्रयोग गरी संकलन गर्ने काम भयो । उक्त संकलित तथ्यांकलाई विश्लेषण गरी आवश्यक विभिन्न सूचकहरुका आधारहरु तयारी गरिएको छ । यसरी सूचकहरुको छनौट गर्दा, दीगो बिकास लक्ष्यहरुलाई स्थानीयकरण गरिएको छ ।

## १.४.४ आवधिक विकास योजना तर्जूमा कार्यशाला गोष्ठी

२०७७ चैत्र २६ गतेबाट आवधिक योजना तर्जुमा प्रकृया सुरु गरिएको भएता पनि बैशाख महिनाबाट कोरोना भाइरसको लकडाउन सुरु भएकोले तर्जुमा प्रकृया समयमै सुचारु हुन सकेन । त्यसैले गाउँपालिकाको आयोजना विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा आवधिक विकास योजना तर्जूमा कार्यशाला गोष्ठी २०७८ साल असार ५ र ६ गते सपन्न भयो । गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुको संयोजक (अनुसूची १), गाउँ विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरु (अनुसूची २) को सहजीकरणमा सम्पन्न योजना तर्जूमा गोष्ठीमा गाउँ विकासको वस्तुस्थिति विश्लेषणका साथै दीर्घकालिन सा ेंच, लक्ष्य, उद्देश्य निर्धारण गरियो ।

योजना तर्जुमा गोष्ठी पछि विषय क्षेत्रगत छलफलहरु सम्पन्न भएका छन् । कार्यपालिकाका सदस्यहरुको संयोजकत्वमा गठित आर्थिक विकास समिति, सामाजिक विकास समिति, भौतिक पूर्वाधार विकास समिति, बन, वातावरण तथा विपद् व्यवस्थापन समिति, र संस्थागत तथा सुशासन समिति गरि पाँचवटा विषयगत क्षेत्रहरुमा छलपफल गरेर विषयगत क्षेत्र अनुसारका उद्देश्य, प्राथमिकता तथा प्रमुख कार्यक्रमहरुको सूची तयार गरियो । योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नजितामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको थियो ।

## १.४.५ योजना दस्तावेज तयारी

आवधिक विकास योजना तयारी कार्यशाला गोष्ठी तथा विषयक्षेत्रगत समूहका परामर्श गोष्ठीबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी दस्तावेज तयार गरियो । योजना दस्तावेज मुख्य ९ परिच्छेदमा विभाजन गरिएको छ । जसअनुसार परिचय, वस्तुस्थिति विश्लेषण, योजना अवधारणा तथा प्रारुप, विषयक्षेत्रगत योजनाहरु, र कार्यान्वयन योजना रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा विगतका योजना, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई आवधिक विकास योजना दस्तावेज लेखन गरिएको छ ।

### १.४.६ योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

गाउँपालिकामा प्रस्तुत गरिएको ढाँचा, सहभागितामूलक कार्यशाला तथा परामर्श, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई कार्यपालिका तथा गाउँ सभा, स्थानीय तहका सरोकारवाला माँझ २०७७ साल चैत्र २६ गते अभिमुखीकरण कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल

तथा सुझाव संकलन गर्ने कार्य सम्पन्न भयो । प्रमाणीकरण कार्यशालामा विषयगत रुपमा समूहगत छलफल र परामर्श गरी समूहको निश्कर्ष तथा सुझावलाई वृहत समूहमा प्रस्तुत तथा छलफल गरी योजना तयार गरिएको छ । यसरी तयार भएको गाउँपालिकाको ५ वर्षे एकीकृत योजनाको दस्तावेज मिति २०७८ साल असार १२ गते बसेको कोशी गाउँकार्यपालिकाको बैठकबाट अनुमोदन गरी लागु गरिएको छ ।

## १.५ सीमा

आवधिक विकास योजना तर्जुमाको लागि गाउँपालिकाले वस्तुस्थिती विवरण तयारीका लागि संकलन गरेको संस्थागत सर्भेक्षणबाट प्राप्त तथ्याङ्क एवं सहभागितामूलक कार्यशाला तथा छलफलबाट उपलब्ध तथ्यहरुलाई आधार बनाई अहिलेको विश्लेषण गरिएको छ । यस आवधिक योजना तर्जुमा प्रकृयाको विभिन्न चरणमा फरक फरक बिज्ञटोली सहभागी बनेको र उनीहरुबाट प्रयोग भएको फरक विधि प्रकृयाबाट प्राप्त फरक सूचनाहरुलाई एक ठाउँमा समेट्न खोजिएको छ । भरखर मात्र स्थानीय तहको पुनरसंरचना भएकोले स्थानीय तहमा अद्यावधिक हुनु पर्ने आधारभूत तथ्याङ्क प¥याप्त नभएको अवस्थाले वर्तमान अवस्थाको विश्लेषण सशक्त रुपमा हुन नसकेको अवस्था छ । अन्तिम प्रतिवेदन तयारी तथा छलफल गर्ने बेला, विश्वभर फैलिएको कोरोना महामारीको विपद्ले सहज सहभागितामुलक छलफललाई प्रभाव पारेको छ साथै तोकिएको समय सिमामा छलफललाई सम्पन्न गर्न समेत बाधा पुगेको छ । यसका बाबजुद पनि गाउँपालिका र सरोकारवालाहरुको उच्चस्तरको अपनत्वले यस आवधिक योजनाको सार्थकता प्रमाणित गरेको छ ।

# परिच्छेद २ गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ परिचय

प्रदेश नं. १ अन्तर्गत सुनसरी जिल्लाका १२ वटा स्थानीय तह मध्ये कोशी गाउँपालिका एक हो। जिल्लाका साविक ४ वटा गा.वि.स. हरु (लौकही, पश्चिम कुशाहा, श्रीपुरजब्दी र हरिपुर) लाई समेटेर वि.सं. २०७२ बैशाख २५ गते कोशी गाउँपालिका स्थानीय तहको रुपमा घोषणा भएको हो भने वि.सं. २०७३ फाल्गुण २७ गते गाउँपालिकाको गठन भएको हो। ८ वटा वडामा विभाजित कोशी गाउँपालिकाको सदरमुकाम लौकही बजारमा रहेको छ।

## २.२ भौगोलिक अवस्थिति

कोशी गाउँपालिका २६ डिग्री २९ मिनेट १६ सेकेन्ड उत्तर देखि २६ डिग्री ३८ मिनिट १० सेकेन्ड उत्तरी अक्षांस सम्म र ८६ डिग्री ५४ मिनेट २३ सेकेन्ड पूर्व देखि ८७ डिग्री ४ मिनेट ४८ सेकेन्ड पूर्वी देशान्तर सम्म फैलिएको छ (Google Earth)। उचाईको हिसावले यो गाउँपालिका समुन्द्र सतहबाट ७४ मिटर देखि ८६ मिटरसम्मको उचाइमा अवस्थित छ (GIS Calculation)। यो गाउँपालिका न्यून उचाईमा समथर रहेको हुनाले यहाँ कृषि कार्य तथा विकास गतिविधि सञ्चालन गर्न सहज हुने देखिन्छ।
यस गाउँपालिका सुनसरी जिल्लाको जिल्ला सदरमुकाम इनरुवा देखि करीब ७ किमी े पश्चिममा रहेको छ। गाउँपालिकाको पूर्वमा भोक्राहा गाउँपालिका, पश्चिममा सप्तकोशी साथै सप्तरी जिल्ला, दक्षिणमा भारत र उत्तरमा कोशी टप्पु वन्यजन्तु आरक्षण केन्द्र र बराहक्षेत्र नगरपालिकासँग सिमाना जोडिएको छ। जिल्लाको कुल क्षेत्रफल १२७५ वर्ग किमी मध्ये ५.९५ प्रतिशत भुभाग ओगटेको छ। वडा अनुसार गाउपालिकाको क्षेत्रफल यस अनुसार रहेको छ।

## २.३ भूउपयोगको अवस्था

तराईको जिल्ला अन्तगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले अधिकांश भूभाग समथर क्षेत्रले ओगटेको छ। यस गाउँपालिकामा वसोवास योग्य क्षेत्र सहितको उर्वर खेतियोग्य जमिन रहेको छ। यस क्षेत्रमा मुख्यतया समथर भुभाग रहेको छ। सामान्यतयाः यस क्षेत्रमा बलौटे खालको माटो रहेको देखिन्छ। भूमीको प्रकारको आधारमा क्षेत्रफल तालिका २.२ मा दिइएकोछ।

*तालिका नं. २. भूमीको प्रकारको आधारमा क्षेत्रफल*

| भूमीको प्रकार | क्षेत्रफल (बर्ग कि.मि. मा) | प्रतिशत |
|---|---|---|
| बस्ती तथा निर्माण क्षेत्र | ०.०२ | ०.०२ |
| खेती गरिएको क्षेत्र | ७५.२५ | ९९.०३ |
| जंगल | ०.०१ | ०.०१ |
| बगैचा | ०.०७ | ०.०९ |
| पोखरी तथा ताल | ०.०२ | ०.०३ |
| बगर | ०.०१ | ०.०१ |
| सिमसार क्षेत्र | ०.०३ | ०.०३ |
| पानीले ढाकोको क्षेत्र | ०.५६ | ०.७४ |

| भूमीको प्रकार | क्षेत्रफल (बर्ग कि.मि. मा) | प्रतिशत |
|---|---|---|
| खाली जमिन | ०.०३ | ०.०४ |
| जम्मा | **७५.९८** | **१००.००** |

स्रोतः LRMP 1996, नापी विभाग ।

कोशी गाउँपालिकाको विभिन्न भागमा कूलाले सिंचित गरेका छन् । यसमा गाउँपालिकाको उत्तरतिर बाट चतरानहर गएको छ भने यसको पूर्वी र मध्य भागबाट बग्ने खोलानालाले पनि सिंचाईको सुविधा दिएको छ । यसैगरी यहाँका साना साना कूलोबाट पनि सिंचाईको सुविधा पुगेको छ । कोशी नदिले बाँद फुटाउदाँ यस क्षेत्रको धेरै जसो जग्गा मरुभुमीमा परिणत भएको छ जुन स्रोत नक्सामा पनि देख्न सकिन्छ ।

## नक्शा २.१ कोशी गाउँपालिकाको स्रोत नक्सा




श्रोतः स्थानीयतह पुनरसंरचना आयोगको प्रतिवेदन २०७४ र LRMP 1996, नापी बिभाग । डिजाइनः प्रकाश राई

## २.४ राजनीतिक अवस्थिति

कोशी गाउँपालिका प्रदेश नं. १ अन्तरगत सुनसरी जिल्लामा अवस्थित रहेको छ । साविकका ४ गाविसहरु समावेश गरी बनेको यस गाउँपालिकामा ८ वडाहरु रहेका छन् । सुनसरी जिल्लामा विद्यमान २ उप नगरपालिका, ४ नगरपालिका र ७ गाउँपालिका गरि १२ स्थानीय तह मध्ये कोशी गाउँपालिका एक हो । गाउँपालिकाको केन्द्र साविकको लौकही बजारमा रहेको छ । पूर्वतः रुपमा नेपालको पुर्वाञ्चल विकास क्षेत्रमा पर्ने कोशी अञ्चलको सुनसरी जिल्लामा रहेको यो गाउँपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि २ निर्वाचन क्षेत्र रहेको भएता पनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका ५ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. २ ख मा पर्दछ ।

***तालिका नं. १ : वडाअनुसार क्षेत्रफल***

| वार्ड नं. | समावेश साविक गाविस | क्षेत्रफल (बर्ग कि.मि.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | लौकही (१-९) | ६.२४ | ८.२ |
| २ | पश्चिम कुशाहा (१,२,५-८) | ८.५३ | ११.२ |
| ३ | पश्चिम कुशाहा (३,४,९) | ८.६८ | ११.४ |
| ४ | श्रीपुरजब्दी (८,९) | ६.४१ | ८.४ |
| ५ | श्रीपुरजब्दी (५,७) | ६.१५ | ८.१ |
| ६ | श्रीपुरजब्दी (१-४,६) | ११.८१ | १५.५ |
| ७ | हरिपुर (१-६) | १३.१५ | १७.३ |
| ८ | हरिपुर (७-९) | १५.०१ | १९.८ |
| जम्मा | | ७५.९८ | १००.० |

*स्रोतः स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन, २०७३*

## २.५ ऐतिहासिक चिनारी तथा नामाकरण

कोशी गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । साविक लौकही, पश्चिम कुशाहा, श्रीपुरजव्दी र हरिपुर गाविस मिलाएर वि.सं. २०७३ मा कोशी गाउँपालिकाको गठन गरिएको हो । नेपालकै प्रसिद्ध र ठूलो नदी सप्तकोशी यस गाउँपालिकाको पश्चिम भएर बग्ने हुनाले यस गाउँपालिकाको नामाकरण त्यहि कोशी नदीबाट गरिएको हो ।

# परिच्छेद ३ योजनाको अवधारणा र प्रारुप

## ३.१ गाउँ विकासको दीर्घकालिन सोचः

नेपाल सरकारले १५ औ योजना मार्फत ***"समृद्ध नेपाल, सुखी नेपाली"*** र प्रदेश नं. १ ले आफ्नो प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ – २०८०/८१) मा स्वच्छ, सुखी र समुन्नत प्रदेश बनाउने दीर्घकालीन सौँच राखेको छ । प्रदेशले आफ्नो प्रथम पञ्चवर्षीय योजनाको अवधिमा कृषि, पर्यटन, उद्योग, पूर्वाधार बिकास, मानवीय बिकास र सुशासनलाई उच्च प्राथमिकतामा राखेको छ । नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालिन सोंचसँग तालमेल हुने गरी कोशी गाउँपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोच (Long Term Vision) देहाय बमोजिम रहेको छ ।

**"सुरक्षित र समृद्ध कोशीको आधार ! कृषि, पर्यटन र दिगो पूर्वाधार !!"**

उपरोक्त दीर्घकालिन सोंचलाई प्राप्त गर्न व्यवसायिक कृषि, स्वच्छ वातावरण र पर्यटन, गुणस्तरीय शिक्षा र दीगो भौतिक पूर्वाधारको माध्यमबाट पाँच वर्षको अवधिमा दीर्घकालिन सौँच उन्मुख हुने लक्ष्य राखिएको छ ।

### ३.१.१ दीर्घकालिन सोंचको आधारहरु (निर्देशक सिद्धान्त)

कोशी गाउापालिकाको दीर्घकालिन सोंच र लक्ष्यलाई प्राप्त गर्न देहाय अनुसारको आधार स्तम्भ (निर्देशक सिद्धान्त) हरुलाई परिपालना गरिनेछ ।

**तालिका ४.१ दीर्घकालिन सौँचको आधारस्तम्भ (निर्देशक सिद्धान्त)**

| सुरक्षित | समृद्ध |
|---|---|
| १.१ दीगो पूर्वाधार र आर्थिक अन्तरसम्बन्ध | २.१ व्यवसायिक कृषि र रोजगारी |
| १.२ स्वस्थ र सन्तुलित पर्यावरण | २.२ तिब्र उत्पादन र दीगो उत्पादकत्व |
| १.३ जैविक विविधताको संरक्षण | २.३ प्रतिस्पर्धी मानवपूँजी निर्माण |
| १.४ प्रभावकारी विपद् व्यवस्थापन | २.४ उच्च तथा समतामुलक आय |
| १.५ जैबिक कृषि | २.५ सुशासन |
| १.६ सामाजिक सुरक्षा तथा न्याय | २.६ सभ्य र न्यायपूर्ण समाज |

- **सुरक्षित कोशी**

कोशी गाउँपालिका सप्तकोशी नदीको ठीक पूर्व दक्षिणमा अवस्थित छ । नेपालको सवै भन्दा ठूलो पक्की पुल कोशी ब्यारेज पनि यसै गाउँपालिकामा पर्दछ । २०६५ सालमा कोशी बाँध भत्किएर यो गाउँपालिकाको धेरै क्षेत्र डुबानमा परि धनजनको धेरै नै क्षति भएको थियो । अहिले पनि हाजारौ बिगाह जमिन बगरकै रुपमा रहेको छ । अहिले पनि कोशी नदी कटानबाट कोशी गाउँपालिका खतारामुक्त हुनसकेको छैन ।

साइबेरियन चरा र अर्नाको लागि प्रख्यात कोशी टप्पु यसै गाउँपालिकामा पर्दछ । पर्यटन लगायतका धेरै अवसर हुदाहुदै पनि जंगली हात्तिको आक्रमणबाट वर्षेनी दर्जनौ मानिसको ज्यान जाने गरेको छ । साथै जंगली जनावरहरुको आतंकबाट लाखौ बराबरको बाली तथा अनाज क्षेति हुने गरेको पाइन्छ । तेश्रो, कोशी गाउँपालिका भारत र नेपालको सिमाना क्षेत्रमा पर्दछ । कोशी गाउँपालिकाको दक्षिणमा भारतको बिहार राज्यको बिरपुर बजार रहेको छ । बिहार क्षेत्रमा हुने अपराधिक क्रियाकलापहरुको कारण पनि यसक्षेत्रमा समाजिक समस्या देखिने गरेको हुनाले कोशी गाउँपालिकामा सुरक्षाको समस्या देखिन्छ । यस अर्थमा कोशी गाउँपालिकाको आवधिक योजनामा एक आधारस्तम्भको रुपमा सुरक्षित कोशी लाई स्थापित गरिएको छ । सुरक्षित कोशीलाई स्थापित गर्ने निर्देशक सिद्धान्तहरु यस प्रकार छन् ।

१. **दीगो पूर्वाधार र आर्थिक अन्तरसम्बन्धः** कृषि, पर्यटन, तथा यातायात जस्ता भौतिक पूर्वाधारको दीगो विकास गरी उत्पादन र बजार बिचको चलायमान आर्थिक सम्बन्ध स्थापन गर्ने ।

२. **स्वस्थ र सन्तुलित पर्यावरणः** कोशी टप्पु र कोशी गाउँपालिका क्षेत्रको भित्र सरफाई र मानव जनावरबिचको सम्बन्धलाई सन्तुलन गरी पर्यापर्यटनको प्रबद्र्धन गर्ने ।

३. **जैविक विविधताको संरक्षणः** कोशी टप्पुक्षेत्रमा रहेको बनस्पति, पंक्षि, जनावर र प्रकृतिको संरक्षण र्गने ।

४. **प्रभावकारी विपद् व्यवस्थापः** बाढी तथा जंगलीजनावरबाट हुने विपद्को प्रभावकारी रुपमा व्यवस्थापन गर्ने

५. **जैबिक कृषिः** आधुनिक तथा जैविक कृषि तथा उत्पादनको प्रवद्र्धन गर्ने ।

६. **सामाजिक सुरक्षा तथा न्यायः** सिमापार अपराधलाई रोक्दै घरेलु तथा लैंगिक हिंसा र सामाजिक विभेदहरुको अन्त्य र्गने ।

## • समृद्ध कोशी

कोशी टप्पु आफैमा स्थापित नेपालको पर्यटकीय क्षेत्र हो । गाउँपालिकाको अधिकांश क्षेत्रमा उर्बरायुक्त भुमि रहनुका साथै यहाको उत्पादकत्व अत्यन्तै धेरै रहेको छ । गाउँपालिकाको मध्यभागबाट पूर्व—पश्चिम राजमार्ग गएको छ । इनरुवा, झुम्का, इटहरी, धरान, दुहबी र बिराटनगर गाउँपालिकाको नजिकका बजार हुन जहाँ स्थानीय उत्पादन सजिलै पु¥याउन र बिक्रि गर्न सकिन्छ । यिनै आधारमा अब कोशी समृद्ध हुने आधारहरु धेरै देखा परिको साथै पन्ध्रो राष्ट्रिय योजनाको र प्रदेश १ को प्रथम आवधिक योजनाको समेत दीर्घकालिन सौंच समृद्ध रहेकोले समृद्ध कोशीलाई प्रमुख आधारस्तम्भ मानिएकोछ । यसका निर्देशक सिद्धान्तहरु यस प्रकार छन् ।

१. **व्यवसायिक कृषि र रोजगारीः** व्यावसायिक कृषि उत्पादनमा बृद्धि र पर्यटन प्रबद्र्धनका माध्यमबाट रोजगारी अभिबृद्धि गर्ने ।

२. **तिब्र उत्पादन दीगो उत्पादकत्वः** नयाँप्रविधिको प्रयोग र व्यवासायिक खेतीको माध्यमबाट तिब्र उत्पादन गर्दै दीगो उत्पादकत्व कायम गर्ने ।

३. **प्रतिस्पर्धी मानवपूँजी निर्माणः** प्राविधिक तथा जीवनोपयोगी शिक्षाको माध्यमबाट उच्च प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी स्थानीय सम्भाव्यताको भरपुर सदुपायोगबाट समृद्धि हासिल गर्ने ।

४. **उच्च तथा समतामुलक आयः** समानुपातिक तथा सहभागितमुलक उत्पादन र वितरण प्रणालीको माध्यमबाट गाउँवासीको उच्च तथा समतामुलक आयमा बृद्धि गर्ने ।

५. **सुशासनः** सबै खालका विभेद तथा वहिष्करणको अन्त्य गरी कानून तथा विधिको शासन स्थापना गर्ने ।

६. **परिस्कृत तथा मर्यादित जीवनः** ज्ञान, सीप र दक्षताद्वारा परिस्कृत अनि आर्थिक तथा सामाजिक रुपले मर्यादित गाउँवासीको जीवनस्तर बनाउने ।

७. **सभ्य र न्यायपूर्ण समाजः** शिक्षा तथा स्वास्थ्य लगायतका क्षेत्रमा समतामुलक र गुणत्मक सुधार गरी सभ्य र न्यापूर्ण समाजको स्थापना गर्दै कोशीबासीलाई समृद्ध बनाउने ।

## ३.२ लक्ष्य तथा उद्धेश्य

गाउँपालिकाको समष्टिगत विकासका लागि ***व्यवसायिक कृषि, पर्यटन, गुणस्तरीय शिक्षा र गुणस्तरीय पूर्वाधारको अन्तरआबद्धताबाट सुरक्षित र समृद्ध कोशी*** गाउँपालिका बनाउने लक्ष्य निर्धारण गरिएको छ । यस लक्ष्यको निर्देशक मान्यताको रुपमा देहायका क्षेत्रलाई मानिएको छ ।

- व्यवसायिक कृषि र रोजगारी,
- गुणस्तरीय शिक्षा,
- सहज स्वास्थ्य सेवामा पहुँच
- दीगो र भरपर्दो भौतिक पूर्वाधार
- स्वच्छ वातावरण र पर्यापर्यटन ।

साथै यस योजनाले निर्धारित विकास लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्यहरु निर्धारण गरेको छः

- व्यवसायिक कृषि, रोजगारी र आयमा तिब्र र दीगो वृद्धि गर्नु ।
- स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु ।
- गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा अन्तरआवद्धतामा बृद्धि गर्नु ।
- वनस्पति, जमीन र जलश्रोतको दीगो उपयोग गर्दै विपद्जोखिममुक्त पालिका बनाउनु ।
- सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिबृद्धि गर्नु ।

## ३.३ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु

कोशी गाउँपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछः

१. कृषि क्षेत्रमा नयाँप्रविधिको प्रयोग तथा व्यवसायिक उत्पादन मार्फत दीगो र छिटो आर्थिक बृद्धि गरी समृद्धि हासिल गर्ने ।

२. प्राकृतिक श्रोत, वन्यजन्तु, कला र सँस्कृतिको जगेर्ना मार्फत पर्यटन क्षेत्रको प्रवद्र्धन गरी रोजगारी बृद्धि गर्ने ।

३. समावेशी, प्राविधिक, व्यवसायिक तथा जीवनोपायोगी शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाई, मार्फत स्वस्थ, सिर्जनशिल, सीपयुक्त र सभ्य मानवीय शक्तिको विकास गर्ने ।

४. व्यवस्थित यातायात, सुरक्षित आवास तथा पूर्वाधार विकासको माध्यमबाट आर्थिक अन्तरसम्वन्धको विकास गरी आधारभूत सुविधाको पहुँचमा बृद्धि गर्ने ।

५. जैविक विविधता संरक्षणलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरी विकासलाई समावेशी र दीगो बनाउने ।

६. पूर्व तयारी, प्रतिकार्य, उद्दार कार्य र पुनस्थापना कार्यको लागि क्षमतामा अभिबृद्धि गरी विकास तथा जनजीवनलाई सुरक्षित तथा विपद् जोखिममुक्त बनाउने ।

७. अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाजको साझेदारी र सहशासनको माध्यमद्वारा विकासको गतिलाई तिब्र बनाउने ।

## ३.४ नतिजा तालिका

गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध रुपमा दीर्घकालिन सोच तथा ध्येय तर्फ उत्मुख तथा अग्रसर गराउन र लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न नतिजामूलक योजनाको ढाँचामा आवधिक विकास योजना तर्जूमा गरिएको छ । नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ । योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ। परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका देहाय बमोजिम दिईएको छ ।

तालिका ३.४.१ गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याइका आधारहरू | | | | | पुष्ट्याइका आधारहरू | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | आवधिक योजनाको लक्ष्य | | | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | ०७८/७९ | ०८१/८२ | | |
| **दीर्घकालिन सौँचः** ***सुरक्षित र समृद्ध कोशीको आधार १ कृषि, पर्यटन र दिगो पूर्वाधार !!*** | | | | | | | |
| ***लक्ष्यः***<br>***व्यवसायिक कृषि, पर्यटन, गुणस्तरीय शिक्षा र गुणस्तरीय पूर्बाधारको अन्तरआबद्धताबाट सुरक्षित र समृद्ध कोशी*** गाउँपालिका हुने । | गाउँपालिकाको मानव विकास सुचकांक | सूचकांक | ०.४०९ | ०.४०९ | ०.४४५ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- अध्ययन प्रतिवेदन<br>- मूल्याङ्कन प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।<br>- संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ४० | ४२ | ५० | | |
| | सरदर प्रतिव्यक्ति वार्षिक आम्दानी | रु. लखमा | ०.८ | ०.८१ | ०.९ | | |
| | साक्षरता दर | प्रतिशत | ८३.७ | ८४ | ९० | | |
| | स्नातक तह उतीर्ण जनसंख्या | जना | ८३८ | ९०० | १२०० | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | २११ | २५० | ३५० | | |
| | पाँच वर्ष मूनिका कम तौल भएका बाल वालिका | संख्या | ६० | ५० | ४० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याइका आधारहरू | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | आवधिक योजनाको लक्ष्य | | पुष्ट्याइका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | ०७८/७९ | ०८१/८२ | | |
| **असर (उद्‌देश्य) १** व्यवसायिक उत्पादन, रोजगारी र आयमा तिव्र र दीगो वृद्धि हुने । | व्यवसायिक कृषि फार्म | संख्या | २३ | २५ | ४० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- अनुगमन समितिको प्रगति/अनुगमन प्रतिवेदन<br>- मुल्याङ्कन प्रतिवेदन् | - स्थानीय राजनीतिक स्थिरता सहित गाउँपालिका संस्थागत हुनेछ ।<br>- आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | प्रमुख पेशाका रुपमा कृषि तथा पशुपालन व्यवसायमा संलग्न जनसंख्या | प्रतिशत | ७७ | ६० | ६५ | | |
| | बार्षिक ५०,००० भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | ३० | २७ | २० | | |
| | १२ है महिना सिंचाई हुने क्षेत्र | बिघा | १०० | १५० | २५० | | |
| | व्यवसायिक पशुपालन व्यावसायमा संलग्न परिवार | संख्या | १२० | १५० | २०० | | |
| | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | ७४३ | ८०० | ८५० | | |
| **असर (उद्देश्य) २:** स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास हुने । | साक्षर जनसंख्या | प्रतिशत | ८३.७ | ८५ | ९० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- अनुगमन समितिको प्रगति/अनुगमन प्रतिवेदन<br>- मुल्याङ्कन प्रतिवेदन् | - स्थानीय राजनीतिक स्थिरता सहित गाउँपालिका संस्थागत हुनेछ ।<br>- आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ |
| | खुद भर्नादर (आधारभूत) | संख्या | ८७ | ९० | ९५ | | |
| | स्नातक तह उतीर्ण जनसंख्या | जना | ८३८ | ९०० | १२०० | | |
| | स्नातक तह उत्तिर्ण गर्ने महिला | जना | ५० | ६० | ७९ | | |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी÷प्राथमिक स्वास्थ्य केन्द्र÷अस्पताल जाने जनसंख्या | प्रतिशत | ७० | ७५ | ८५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याइका आधारहरू | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | आवधिक योजनाको लक्ष्य | | पुष्ट्याइका आधारहरू | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | ०७८/७९ | ०८१/८२ | | |
| | चिकित्सक र जनसंख्या अनुपात | प्रतिहजार संख्या | ४५,००० | ४०००० | २५,००० | | - वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | सरकारी, गैर सरकारी र निजी क्षेत्रमा रोजगार | जना | ९४० | १०० | १०५० | | |
| **असर (उद्देश्य) ३०:** गुणस्तरीय पूर्वाधार, व्यवस्थित बजार तथा अन्तरआवद्धतामा बृद्धि हुने । | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ८३ | ८७ | १०० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- अनुगमन समितिको प्रगति/अनुगमन प्रतिवेदन<br>- मुल्याङ्कन प्रतिवेदन् | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| | सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मि. | १.१५ | १.२ | १.४ | | |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | ०.५ | ०.४५ | ०.४ | | |
| | विद्युत सेवामा पहुँच प्राप्त घरपरिवार (मिटर लिएका) | **प्रतिशत** | ८० | ८५ | ९० | | |
| **असर (उद्देश्य) ४:** वनस्पति, जमीन र जलश्रोतको दीगो उपयोग गर्दै विपद्जोखिममुक्त पालिका हुने । | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | ५ | ५ | ५ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- अनुगमन समितिको प्रगति/अनुगमन प्रतिवेदन<br>- मुल्याङ्कन प्रतिवेदन् | - स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ । |
| | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | हेक्टर | ० | १ | ३ | | |
| | सडक पेटीमा बृक्ष रोपन | कि.मि. | २ | ५ | १५ | | |
| **असर (उद्देश्य) ५:** सेवा प्रवाह, कार्यसम्पादन र | गाउँपालिकाको नीति, कानून निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५५ | ६० | ७० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन | - स्थानीय नीति र कानून तर्जुमा हुनेछ । |

<table>
<tr><th rowspan="3">नतिजा श्रृङ्खला</th><th colspan="6">सूचक तथा पुष्ट्याइका आधारहरू</th><th rowspan="3">जोखिम पक्ष तथा पूर्वानुमान</th></tr>
<tr><th colspan="2">सूचक</th><th>आधार रेखा</th><th colspan="2">आवधिक योजनाको लक्ष्य</th><th rowspan="2">पुष्ट्याइका आधारहरू</th></tr>
<tr><th>विवरण</th><th>इकाई</th><th>(आ.व. ०७७/७८ सम्मको अवस्था)</th><th>०७८/७९</th><th>०८१/८२</th></tr>
<tr><td rowspan="3">जवाफदेहिताको स्तरमा अभिबृद्धि हुने।</td><td>विभिन्न सेवा प्राप्त गर्ने सेवाग्राही (बार्षिक)</td><td>संख्या</td><td>१५५००</td><td>१६५००</td><td>१८५००</td><td rowspan="3">- अनुगमन समितिको प्रगति/अनुगमन प्रतिवेदन<br>- मुल्याङ्कन प्रतिवेदन्</td><td rowspan="3">- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ।</td></tr>
<tr><td>गाउँपालिकाबाट संचालित आयोजनाबाट लाभान्वित घरपरिवार</td><td>संख्या</td><td>१९७००</td><td>२०५००</td><td>२२५००</td></tr>
<tr><td>प्रतिव्यक्ति बार्षिक बजेट लगानी</td><td>रु. हजारमा</td><td>११.८९</td><td>१२</td><td>१२.५</td></tr>
</table>

## परिच्छेद-४ आर्थिक विकास क्षेत्र

विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरसबाट हुन सक्ने मानवीय र आर्थिक क्षतिलाई न्यून गर्न र हालको विषम परिस्थितिलाई समान्य रुपमा ल्याउन प्रयत्न गर्दै कोशी गाउँ पालिकाले अगामी आवको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा **"सुरक्षित र समृद्ध कोशीको आधार, कृषि, पर्यटन र दिगो पुर्वाधार"** को दीर्घकालीन गन्तव्य (Vision) सहितको आवधिक योजना तयार पार्दा आर्थिक विकास क्षेत्रको उद्देश्य भनेको समृद्ध प्राप्तिको लागि अति नै गतिशील क्षेत्रको रुपमा बिकसित गर्नु रहेको र यो अति नै महत्वपूर्ण योगदान दिने क्षेत्र रहेको भनेर भनिएको छ | आर्थिक विकास क्षेत्रले ४ उप-क्षेत्रहरु – १) कृषि र सिंचाइ, २) पशु विकास, ३) उधोग, ब्यापार र बित्त ४) पर्यटन रहेका छन् | ति उप-क्षेत्रलाई क्रमश सविस्तार विश्लेषण, ब्याख्या र योजना सहित अनुमानित बजेट समेत पेश गरिएको छ |

### ४.१ कृषि तथा सिंचाइ क्षेत्रको योजना

कृषि (अन्न बाली, दलहन, तेलहन, तरकारी र फफुल) तथा सिंचाइ क्षेत्रको योजना बनाउदा नेपाल सरकारले लिएको कृषि ब्यावसायीकरण अवधारणालाई पूर्णतया आत्मसाथ गर्नु पर्ने हुन्छ | जसमा ब्यबसायिक कृषिको लागि निम्न अनुसारको सोच रहेको छ:

(क) पकेट – साना ब्यबसायी कृषि उत्पादन केन्द्र (Pocket)

(ख) ब्लक – ब्यबसायिक कृषि उत्पादन केन्द्र (Block)

(ग) जोन - ब्यबसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (Zone)

(घ) सुपर जोन – बृहत ब्यबसायिक कृषि उत्पादन तथा औधोगिक केन्द्र (Super zone)

यस किसिमको बर्गिकरणले आफ्नो स्थान बिशेसमा के कस्तो अवस्था छ, यसै अनुसार योजना बनाई कार्यान्वयन गर्न सकिन्छ र क्रमश स्तर सुधार गर्ने बाटो खुल्दछ |

यसै अनुसारको सोच पशु, पन्छी र माछा पालनमा पनि लागु हुन्छ |

### ४.१.१ बस्तुस्थिति विश्लेषण

कृषि र पर्यटनको प्रचुर सम्भावना बोकेको रामसार सूचीमा सुचिकृत सिमसार क्षेत्र भएकोएशियाको , चराचुङ्गीको बासस्थानको रुपमा चिनिने कोशी टप्पुक्षेत्र र कोशी नदीले छाडेको पाँच हजार भन्दा बढी नदी उखाड सार्वजनिक जग्गा रहेकोपश्चिम १८ किमि हाइवे रहेको-पालिकाको बीच भागबाट पूर्व , कोशी गाउँपालिका एउटा सम्भावना युक्त भविष्य बोकेको क्षेत्र हो। यो प्रदेश १ को पश्चिमी ढोका हो भने कोशी ब्यारेजको उपस्थितिले ब्यापारिक नाकाको रुपमा पनि बिकसित हुने प्रसस्त्र सम्भावना रहेको छ |

कोशीको माछा, तरकारी र दुग्ध जन्य उत्पादनले पनि आफ्नो परिचय बनाई सकेको छ | कृषि प्रशोधन उद्योगका साथै आन्तरिक यात्रु सेवा जस्तै होटेल, रेस्टुरेन्ट र आराम गर्ने (Refreshment centre) को ब्यबस्थापनले कोशी गाउँ पालिकामा उत्पादित कृषि उत्पादनहरुको आन्तरिक खपत हुन गइ पालिकाको ब्यापारिक पहिचान देश बिदेशमा सम्म हुन सक्ने सम्भावना पनि त्यतिकै रहेको छ |

कोशी पालिकाबाट पूर्वका बजारहरु इटहरी, धरान, बिराटनगर र इनरवा सम्मलाई कोशीमा उत्पादित बस्तुहरु तथा सेवा प्रदान गर्न सक्छ भने पश्चिममा सप्तरी, लाहान, जनकपुर र काठमाडौँ सम्म र साथै चितवन र पोखरा सम्म ब्यापारिक, यातायात र पर्यटकीय सेवा लिन र दिन सक्ने सम्भावना देखिन्छ |

हावापानी, जमिन र माटो अति नै उर्बराशील रहेको छ जसले गर्मी स्थानमा उत्पादन हुने मौसमी वा बेमौसमी तरकारी, फलफूल, माछा र पशु जन्य बस्तु उपभोग र ब्यापारमा निरन्तर बृधि हुने सम्भावना रहेको छ |

## ४.१.२ कृषि क्षेत्रको समस्या तथा सम्भावना

कृषि जन्य बस्तुको उत्पादन र बजारीकरणमा मुख्यतया सिंचाइको अभाब अथवा मर्मत सम्भारको सख्त जरुरत देखिन्छ । कृषि ब्यबसायीकरणको लागि जमिनको चक्लाबन्दी र जमिनको बर्गीकरणका साथै उत्पादनका सामग्रीहरु जस्तो मल, राम्रो बिउ, रोग तथा किराको रोकथामको लागि बिषादी, कृषि यन्त्र र भण्डारणको अभाव देखिन्छ । यसका लागी समय सापेक्ष् उन्नत प्रबिधि प्रयोग र प्राविधिज्ञको समसामयिक सल्लाह सुझाबको पनि कमि देखिन्छ । कृषि उत्पादनका लागि चाहिने सामान्य सामग्री, यन्त्र र प्राबिधिक सुझाबको उचित परिचालनले स्थानीय स्तरमा रोजगारीको सिर्जनाका साथै आम्दानिमा उल्लेख्य बृधि हुने हुनाले कोशीको जनताको सम्बृद्धिलाई प्रतक्ष्य टेवा दिने देखिन्छ । तर कोशी पालिका बन्य जन्तु संरक्षण क्षेत्र भित्र पर्ने हुँदा, जंगली जनावारको अतिक्रमण हुनुका साथै अहिले सम्म सयौं जनाले ज्यान समेत गुमाउनु परेको छ । मानिसको जंगली जनावरबाट सुरक्षाको साथै उधोग व्यापारको सुरक्षा पनि समस्याको रुपमा देखा परेको छ ।

हालको स्थितिलाई मनन् गर्दे गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, उद्योग तथा पर्यटनको विकास तथा प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आयवृद्धि गर्ने किसिमले योजना तर्जूमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । कोशी गाउँपालिकाको सन्दर्भमा विषयक्षेत्रमा विकास प्रयासलाई डोर्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

**तालिका ४.१ कृषि बिकास क्षेत्रको वस्तुस्थिति विश्लेषण**

**१. कृषि विकास क्षेत्रको विश्लेषण**

| विषयगत क्षेत्र | सम्भावना (हामी संग के छ ) | समस्या (के छैन) | आवश्यकता (के हुनु पर्छ ) |
|---|---|---|---|
| कृषि | • प्रसस्त्र उत्पादनशील जमिन रहेको<br>• धान, गंहु, मकै तरकारी र फलफूल खेतिको ब्याबसायीकरण<br>• बगर खेतिको राम्रो सम्भावना<br>• माछा पालन बिस्तार | • सिंचाइको समस्या<br>• उत्पादन पूर्वाधार, उत्पादन सामग्री, प्रबिधि र बजारीकरणको समस्या<br>• हात्ती र अन्य जंगली जनावरको आतंक<br>• बाढीले ठुलो ठुलो खाल्डो छ | • कृषि सडक, बिधुतिकरण र विभिन्न सिंचाइ बोधी हरु – नहर, कुलो, बोरिंग र जलाशयको उचित प्रयोग गरि सिंचाइ सुबिधा पुर्याउने<br>• कृषि सेवा केन्द्रबाट नियमित र प्रभावकारी सेवा र सहयोग,<br>• जनावर आतंक नियनत्रणका लागि पक्की घेरावारा वा दिशा ब्यास्था गर्नु पर्ने, कृषी सहकारी संस्था स्थापना गर्नु पर्ने<br>• पोखरी मर्मत र ब्यबसायिक पालनमा जोड |

| विषयगत क्षेत्र | सम्भावना (हामी संग के छ ) | समस्या (के छैन) | आवश्यकता (के हुनु पर्छ ) |
|---|---|---|---|
| खाद्य सुरक्षा | • व्यक्तिगत र सामुहिक भण्डारणमा सुधार को सम्भावना | • चरा, मुसा, किरा र सडेर जाने समस्या | • घर घरमा सिदविन (seed bin) को व्यवस्था र साथै सामुदायिक भण्डारण को निर्माण<br>• अन्न भण्डारण सम्बन्धि तालिम |
| सिंचाई | • सिंचाईको लागि पानी प्रर्याप्त रहेको<br>• कोशीको सिपेज पानीलाई सिंचाइको लागि प्रयो गर्न सकिने<br>• सानो सानो बोरिङ्ग, सानो सानो पम्पसेटको चलन रहेको<br>• नहर, सेक्टर, बोडिङ, पम्पीसेट, बर्षात पानी | • सिंचाइ व्यवस्था छैन<br>• कृषिमा प्रयोग गर्ने कृषि बिधुत ट्रान्सफरमर नभएको<br>• नहर, कुलो, पैनी ,ड्रीप बोरिङ्ग, स्टेट बोरिङ्ग नभएको<br>• कुलो जिर्ण अवस्थामा<br>• मेसनरी समान सामयमा नपाउने<br>• बर्षैभरी पानी नहुनु, बिधुत्तको बिस्तार नभएको | • नहर मर्मत तथा व्यवस्था गर्नु पर्ने,<br>• स्टेट बोरिङ व्यवस्था<br>• कृषि बिधुत को व्यवस्था<br>• नहर, कुलो, पैनी,बोरीङ्ग र पम्पसेट जडान<br>• नहर निर्माण हुनु ।<br>• सोलार मोटर, स्टेट बोर्डिङ जडान गराइदिन ु।<br>• हरिपुर शाखा नहरलाई दुवै तर्फबाट आर सि सि ढलान हुनु पर्ने<br>• र ठाउँ ठाउँमा आर सि सि भएको कुलो पैनी बनाउनु पर्ने |

### ४.१.३ कृषि र सिंचाइ क्षेत्रको विकास अवधारणा

गाउँपालिकाको समग्र विकासको क्षेत्रलाई राष्ट्रिय योजना आयोगबाट प्रकाशित योजना तर्जुमा निर्देशिका (नमुना) को आधारमा कोशी गाउँपालिकाको आर्थिक बिकास क्षेत्रको विकासको अवधारण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### ४.१.३.१ लक्ष्य

यस गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य "सिंचाइको व्यवस्थापन भई व्यवासायिक कृषि उत्पादन, रोजगारी र आयमा निरन्तर दीगो वृद्धि गर्नु" रहेको छ ।

#### ४.१.३.२ उद्धेश्य

गाउँपालिकाको कृषि क्षेत्रको विकासको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- आधुनिक तथा व्यवसायिक पद्दति मार्फत कृषि उत्पादन बृद्धि गरी आत्मनिर्भर बनाउनु ।
- सिंचाइ पूर्बाधारको बिकास गरी खेतीयोग्य भूमीमा दीगो तथा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउनु ।

## ४.१.३.३ रणनीति तथा कार्यनीति

दीर्घकालीन सौँचतर्फ उन्मुख भई विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न कृषि क्षेत्रको बिकासको लागि देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

*तालिका विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कृषि** | |
| १. आधुनिक तथा व्यवसायिक कृषि उत्पादनमा बृद्धि गरी आत्मनिर्भर बनाउने । | १. एक वर्ष भित्र कृषि उपजको पकेट क्षेत्र पहिचान गरी एक गाँउ एक उत्पादन नीति अबलम्बन गर्दै खाद्यान्न, नगदेवाली, वागवानी, मौरीपालन तर्फ किसानलाई प्रोत्साहीत गरी आत्मनिर्भर बनाइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. उन्नत वीउ, बेर्ना तथा मलखादको सहज आपूर्तिका लागि सहकारी तथा निजी क्षेत्रसंगको सहकार्यमा उत्पादन् वितरणका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ।<br>३. उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न व्यवसायिक कृषहरुलाई औजार तथा मेसिन खरिद र जडानमा सहकार्य गर्न अनुदानको व्यवस्था मिलाईनेछ।<br>४. उत्पादित बस्तुहरुको संकलन, र प्रशोधन केन्द्रहरुको स्थापना, व्यवस्थापन तथा सञ्चालन गरिने छ।<br>५. कृषि यन्त्रको खरिदमा अनुदानको व्यवस्था गरी कृषकलाई कृषि यान्त्रिकीकरणलाई प्रोत्साहन गरिनेछ।<br>६. कृषि कार्यलाई कार्यान्वयन गर्न कृषि ऐन, र कार्यविधीहरु निर्माण गर्दै लगिनेछ।<br>७. कृषि पेशामा जोखिम व्यवस्थापन गर्न कृषि विमामा सहुलियत दिइनेछ।<br>८. एक वडा एक कृषि प्राविधिक व्यवस्था गरिनेछ। |
| **ख. सिंचाइ** | |
| नयाँ प्रविधि प्रयोग गर्दै सिंचाइ पूर्वाधारको बिकास गरी खेतीयोग्य भूमीमा भरपर्दो सिंचाई सुविधा उपलव्ध गराउने। | १. कृषि उत्पादनको लागि कम्तिमा सिंचाईको सुबिधा नपुगेका खेतियोग्य जमिनमा सिंचाइ सुबिधा उपलब्ध गराइनेछ।<br>२. उपलब्ध सिंचाइका संरचनाहरूको स्तरोन्नति, नयाँ आयोजनाको पहिचान, निर्माण र मर्मत सम्भार गरिनेछ।<br>३. कोशीको सिपेज पानीलाई उपयोग गर्दै बृहद सिंचाइ योजना सञ्चालन गरिने छ।<br>४. सञ्चालनमा आएका योजनाहरुलाई संरक्षण, मर्मत संभार र नयाँ योजनाहरुको DPR तयार गरी क्रमागत रुपमा आयोजनाहरु निर्माण गर्दै लगिनेछ। |

### ४.१.३.४ कृषि तथा सिंचाइ क्षेत्रको बिकास नतिजा तालिका

कोशी गाउँपालिकाको आवधिक योजना अवधिमा कृषि बिकास क्षेत्रको बिकासको गतिलाई हेर्न तथा मापन र्गनको लागि बिकासको नतिजा तालिका (Logframe) दिईएको छ। यसलाई नतिजामा आधारित व्यवस्थापन (Result-Based Management - RBM) को सिद्धान्त अनुसार बनाइएको छ।

तालिका नं ४.१.३.१ कृषि बिकास क्षेत्रको बिकास नतिजा तालिका (लेखाजोखा र विश्लेषण गर्नको लागि आयोजनाको प्रगति र समीक्षाका आधारहरु मापन गरिने)

| नतिजा श्रृङ्खला (Result Chain) | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा | लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| कृषि तथा सिंचाइ बिकास क्षेत्रको (उद्देश्य) १: सिंचाइको व्यवस्थापन भई व्यवासायिक कृषि उत्पादन, रोजगारी र आयमा निरन्तर दीगो वृद्धि हुने। | व्यवसायिक कृषि फार्म | संख्या | २३ | २५ | २८ | ३२ | ३५ | ४० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- अनुगमन समितिको प्रगति/अनुगमन प्रतिवेदन<br>- मुल्याङ्कन प्रतिवेदन् | - स्थानीय राजनीतिक स्थिरता सहित गाउँपालिका संस्थागत हुनेछ।<br>- आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ। |
| | प्रमुख पेशाका रुपमा कृषि संलग्न जनसंख्या | प्रतिशत | ५७ | ५८ | ५९ | ६० | ६३ | ६५ | | |
| | बार्षिक ५०,००० भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | ३० | २८ | २६ | २४ | २२ | २० | | |
| | १२ है महिना सिंचाई हुने क्षेत्र | बिघा | १०० | १२५ | १५० | १८० | २२० | २५० | | |
| **प्रतिफल १.१**<br>आधुनिक तथा व्यवसायिक पद्दति मार्फत कृषि उत्पादन बृद्धि गरी आत्मनिर्भर बनाइने छ। | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | ४५० | ४५५ | ४६० | ४७० | ४७५ | ४८० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- कृषि शाखाको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - स्थानीय राजनीतिक स्थिरता सहित गाउँपालिका संस्थागत हुनेछ।<br>- आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने |
| | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | क्विन्टल/हे. | २७७ | २८० | २८२ | २८३ | २८५ | २८७ | | |

| नतिजा श्रृङ्खला (Result Chain) | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा | लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौं वर्ष | | |
| | प्रमुख पेशाका रुपमा कृषि तथा पशुपालन व्यवसायमा संलग्न जनसंख्या | प्रतिशत | ५७ | ५९ | ६० | ६२ | ६३ | ६५ | | स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | बिघा | २००० | २२०० | २४०० | २६०० | २८०० | ३००० | | |
| | सक्रिय अगुवा वा व्यवसायिक कृषक | संख्या | ७०० | ७५० | ८०० | ८५० | ९०० | ९५० | | |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | २३ | २५ | २८ | ३२ | ३५ | ४० | | |
| | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | ६ | ८ | १० | १२ | १४ | १६ | | |
| | फलफुल उत्पादन | मे.ट. | १५० | १६० | १६० | १७० | १८० | १९० | | |
| | खाद्यान्न उत्पादन | मे.ट. | १५०० | १६०० | १७०० | १८०० | १९०० | २००० | | |
| | माछा उत्पादन | मे.ट. | २५ | २६ | २७ | २८ | २९ | ३० | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | २ | | ३ | | ४ | ५ | | |
| | कोलड स्टोर/रष्टिक स्टोर | संख्या | ० | | | १ | | | | |
| प्रतिफल १.२<br>सिंचाइ पूर्बाधारको बिकास गरी खेतीयोग्य भूमीमा दीगो तथा भरपर्दो सिंचाई सुविधा उपलव्ध गराइने छ । | १२ है महिना सिंचाई हुने क्षेत्र | बिघा | १०० | १२५ | १५० | २०० | २२५ | २५० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- कृषि शाखाको प्रगति प्रतिवेदन | - स्थानीय राजनीतिक स्थिरता सहित गाउँपालिका संस्थागत हुनेछ । |
| | प्रयोगमा आएका सिंचाई प्रविधि (सतह, आदी) | प्रकार | १ | | | २ | | | | |

| नतिजा श्रृङ्खला (Result Chain) | सूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा | लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| | सुचारु सिंचाई आयोजना | संख्या | १ | | १ | | १ | | - अनुगमन समितिको अनुगमन प्रतिवेदन | - सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ। |

### ४.१.४ कार्यक्रम तथा योजना

कोशी गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्ने आर्थिक विषयगत क्षेत्रको कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.१.४.१ कृषि क्षेत्र को आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जूमा गरिएका कार्यक्रम तथा योजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था) | | | | | | | अनुमानित लागत (रु. हजार) |
|---|---|---|---|---|---|---|---|---|
| | इकाई | आधार वर्ष ०७७/७८ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | |
| **१.१ कृषि विकास (ब्याबसायीकरण** | | | | | | | | **९७५००** |
| कृषि बिधुतिकरण | बिघा | ० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २५०० |
| उन्नत तरकारी खेति | बिघा | २० | ५० | १०० | २०० | ३०० | ५०० | १०००० |
| फलफूल खेति (कागती, ड्रागन फल आदि ) | बिघा | ५ | १०० | ३०० | ७०० | १२०० | १५०० | ३०००० |
| कृषकको सिधै बजार पंहुच | बजार | १ | २ | १ | १ | १ | १ | १०००० |
| कृषि उपकरणमा पहुँच | घर धुरी | २०० | ३०० | ३०० | ३०० | ३०० | – | १०००० |
| उन्नत बिउ उत्पादन | किसिम | ५ | २ | २ | २ | २ | २ | १०००० |
| माछा जोन | बिघा | १०० | १० | १० | १० | १० | – | १०००० |
| कृषि उत्पादन भण्डारण केन्द्र | संख्या | १ | १ | ० | ० | – | – | १५००० |
| **१.२ सिंचाइ पूर्बाधार बिकास** | | | | | | | | **२११५००** |
| साना सिंचाई मर्मत सम्भार तथा निर्माण | संख्या | - | २ | ३ | ४ | ६ | ७ | ७५०० |
| सिपेज कुलो निर्माण कायक्रम (RCC) - पूर्वाधारमा बजेट | किमी | ० | ३ | ५ | ४ | ४ | १ | २०४००० |
| जम्मा | | | | | | | | ३०९००० |

## ४.२ पशु पंक्षी क्षेत्रको बिकास योजना

### ४.२.१ वस्तुस्थिति विश्लेषण

प्रदेश १ को पश्चिमी ढोका रुपमा रहेको कोशी गाउँपालिकालाई पूर्व–पश्चिम राजमार्गले कोशी नदिको तट देखि १८ कि.मि. को लम्बाईमा छोएर गएको छ । पूर्वमा इटहरी, धरान र बिराटनगर शहरहरुसंग सहज पहुँच छ भने पश्चिम तर्फ सप्तरीको राजबिराज, सिरहाको लहान, ढल्केबर, जनकपुर, बर्दिबास हुँदै काठमाडौँ प्रत्यक्ष सडक संजालसंग जोडिएको छ । यस्ले विविध खाले व्यवसायिक कृषि र पशु उत्पादन र यसको बजारीकरणको सम्भावनाको ढोका खोलेको छ । अर्को तर्फ कोशी पालिकाको अवस्थिति आफैमा रणनैतिक र सुन्दर कोशी टप्पुको किनारमा छ जसले राजमार्गका यात्रु देखि प्रकृति प्रेमीलाई आफै लोभ्यौँदो छ ्र त्यसकारण आन्तरिक र बाहिय पर्यटकको आकर्षणको केन्द्र बन्दै गैरहेको छ र त्यसको लागि पशु जन्य उत्पादनहरु मासु (हाँस,परेवा,कुखुरा,बंगुर,बाख्रा,टर्की, पाडा आदि, दुग्ध पदार्थ, अन्डा र माछा) को मांग अत्यधिक रहेको छ । यहि मांग पुरा गर्न पनि व्यावसायिक पशु पालनको आवश्यकता महशुस गर्दै  कोशी गाउँपालिकाले प्रसस्त्र सम्भावना बोकेको छ ।

### ४.२.२ पशु पंक्षी क्षेत्रको समस्या तथा सम्भावना

कोशी पालिका पशु क्षेत्रको विकासको लागि अति नै सम्भावना बोकेको तराईको पालिका हो जहाँ भैंसी जोनको सम्भावना छ भने अन्य पशु पन्छीहरु जस्तै हाँस, परेवा, बट्टाई, सुँगुर, बंगुर, बदेल, माछा र अन्य जलचरहरुको पनि उत्तिकै सम्भावना रहेको छ | सम्भावनाको साथ् साथै अशंख्य समस्याहरु पनि रहेका छन् । ब्यबसायिक पशु पालनको लागि प्राविधिज्ञ, भेट औषधि पसल, लगानी, दाना तथा घाँस र चरणको व्यवस्था राम्रो संग हुन सकेको छैन | जे जति पशु पालन भएका छन् सबै स्थानीय जातका छन् जुन कम उत्पादकत्व भएका र कमसल नक्ष्लका छन् | वडास्तरमा गरिएको छलफलबाट आएका पशु उप-क्षेत्रका सम्भंवाना, समस्या र आवश्यकताहरुलाई समस्टिगत रुपमा तल दिएको छ |

**तालिका ४.२.१ पशु पंक्षी बिकास क्षेत्रको वस्तुस्थिति विश्लेषण**

| क्षेत्र | सम्भावना | समस्या | आवश्यकता |
|---|---|---|---|
| पशुपंक्षी | • गाई, भैसी, बाख्रा, सुगुर, बंगुर, कुखुरा, हाँस, परेवा पालन गरेको<br>• प्रयोगशाला भएको<br>• कृत्तिम गर्भधारन उपचार केन्द्र भएको<br>• पर्याप्त चरण क्षेत्र तथा पशु आहार उपलब्धता रहेको<br>• लोकल जातको गाई, भैसी, कुखुरा, हाँस र बंगुर पालन गर्ने गरेको | • व्यवसायिक रुपमा पालन गर्न सिप तथा ज्ञानको अभाव<br>• लगानी पुँजीको समस्या<br>• उन्नत जातको नक्ष्ल नभएको<br>• उपचारका लागि औषधी कमी<br>• परम्परागत पालन<br>• ब्यवसायिक पशुपालन ज्ञानको अभाव<br>• रोग लाग्ने, चारोको अभाव,<br>• भेटनरीको समस्या,<br>• व्यवसायिक रुपमा पालन नगरेको,<br>• वजार व्यवस्थापन नभएको<br>• लोकल जातको गाई, भैसी पालनले कम फाइदा दिने गरेको | • चिस्यान केन्द्र तथा डायरीको व्यवस्थापन,<br>• दाना पशु आहारको व्यवस्था,<br>• उन्नत जातको गाई भैसीको व्यवस्था,<br>• उन्नत जातको हाँसको व्यवस्था,<br>• दानाको व्यवस्था, वजारको व्यवस्थापन<br>• प्रयोगशाला उपकरण आवश्यक्ता<br>• प्राथमिक उपचार सम्बन्धि तालिम<br>• पशु उपसेवा केन्द्रको स्थापना<br>• पशु विज्ञको व्यवस्था ।<br>• वडा नं ४ मा कुखुरा तथा गाई भैसीको दानाको फैक्ट्री संचालन गर्नु पर्ने,<br>• भेटनरी अस्पताल स्थापना गर्नु पर्ने<br>• सोहुलयत ऋण, अनुदान र आर्थिक ब्यवस्था गर्नु ।<br>• व्यवसायिक पशुपालन सम्बन्धि तालिम |

### ४.२.३ पशु पंक्षी बिकास क्षेत्रको विकास अवधारणा

गाउँपालिकाको समग्र विकासको क्षेत्रलाई राष्ट्रिय योजना आयोगबाट प्रकाशित योजना तर्जुमा निर्देशिका (नमुना) को आधारमा कोशी गाउँपालिकाको पशु क्षेत्रको विकासको अवधारण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### ४.२.३.१ लक्ष्य

यस गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य "व्यवसायिक उत्पादन, रोजगारी र आयमा तिब्र र दीगो वृद्धि हुने" भन्ने रहेको छ भने यस लक्ष्यलाई प्राप्त गर्न पशु बिकास क्षेत्रको उद्देश्य देहाय बमोजिम रहेको छ ।

#### ४.२.३.२ उद्देश्य

गाउँपालिकाको पशु विकास क्षेत्रको उद्देश्य ***आधुनिक पशुपालन ब्यबसायको माध्यमबाट दुध, मासु तथा अण्डा उत्पादनमा आत्मनिर्भर बनाई दिगो आम्दानीको श्रोत बनाउनु*** रहेको छ ।

#### ४.२.३.३ रणनीति तथा कार्यनीति

दीर्घकालीन सौँचतर्फ उन्मुख भई पशु पन्क्षी विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

तालिका ४.२ विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क. पशु सेवा | |
| १. पशुपन्छी उत्पादनहरुको व्यवसायिकरणका, प्रवद्र्धन एवं प्रोत्साहन गर्ने<br>२. पशु पंक्षीको व्यवसायिक उत्पादन बढाउन दक्ष जनशक्तिको व्यवस्थापन गर्ने | १. ब्यबसायिक पशु पालन गर्दै (पकेट, ब्लक र जोन तह सम्म विकास गर्दै लगिनेछ ।<br>२. कम्तिमा ३ वर्ष भित्र किसानहरूलाई पशु विमामा आबद्ध गरिनेछ ।<br>३. पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीयस्तरमा एक वडा एक पशु प्राविधिकको व्यवस्था गर्दै जाने नीति लिइनेछ ।<br>४. व्यवसायिक तथा अगुवा कृषकहरुलाई समय समयमा तालिमको व्यवस्था गरिने छ ।<br>५. पशु स्वास्थ्य ऐन र मासु जाँच तथा बधशाला ऐन निर्माण गरी पशुजन्य उत्पादन र बजारिकरणलाई व्यवस्थित गरिनेछ ।<br>६. भैसी श्रोत केन्द्र व्यवस्थीत गर्दै लगिनेछ ।<br>७. व्यवसायिक भैसी, बाख्रा, कुखुरा र माछा पालन गरी दुध,मासु र अण्डामा आत्मनिर्भर बनाइनेछ । |

#### ४.२.३.४ पशु पंक्षी बिकास क्षेत्रको बिकास नतिजा तालिका

कोशी गाउँपालिकाको आवधिक योजना अवधिमा पशु बिकास क्षेत्रको बिकासको गतिलाई हेर्न तथा मापन र्गनको लागि पशु बिकासको नतिजा तालिका (Logframe) दिईएको छ । यसलाई नतिजामा आधारित व्यवस्थापन (Result-Based Management-RBM) को सिद्धान्त अनुसार बनाइएको छ ।

**तालिका नं पशु पन्छी बिकास क्षेत्रको बिकास नतिजा तालिका**

| नतिजा श्रृङ्खला (Result Chain) | **सूचक तथा पुष्ट्याईका आधारहरु** | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सूचक** | | **आधार वर्ष** | **योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था)** | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| प्रतिफल १. पशुपन्छी उत्पादनमा बृद्धि भई व्यवसायिकरणका भएको हुने | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | १२० | १३० | १५० | १६५ | १७५ | २०० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- पशुसेवा शाखाको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | पशुजन्य उत्पादन विक्रि गर्ने परिवार | संख्या | ३५०० | ३५५० | ३६०० | ३६५० | ३७०० | ३७५० | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | ३३ | ३६ | ३९ | ४२ | ४५ | ५० | | |
| | भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | बिघा | ० | ०.५ | १.५ | २.५ | ४ | ५.५ | | |
| | सक्रिय पशुपालन समूह | संख्या | २५ | ३० | ४० | ५० | ६० | ७० | | |
| | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | २३ | ३० | ३५ | ४९ | ५० | ६० | | |
| | पशुपालनसम्बन्धी उपलब्ध प्रविधि, (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन आदी) उपयोग गर्ने घरपरिवार | संख्या | ३०० | ४०० | ५०० | ६०० | ७०० | ८०० | | |
| | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ३ | | ४ | | ५ | | | |

## ४.२.४ कार्यक्रम तथा योजना

कोशी गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्ने आर्थिक विषयगत क्षेत्रको कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका कृषि क्षेत्र को आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना*

| **विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना** | **योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था)** | | | | | | अनुमानित लागत (रु. हजार) |
|---|---|---|---|---|---|---|---|
| | इकाई | आधार वर्ष ०७७/७८ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | |
| १.२ पशु सेवा | | | | | | | |
| पशु नश्ल सुधार | पशु संख्या | ३०० | २०० | २०० | ३०० | ३०० | ५०० | ४००० |
| पशु पोषण | केजी | २०० | ३०० | ३०० | ४०० | ४०० | ५०० | ५००० |
| दुग्ध संकलन केन्द्र | संख्या | - | १ | ० | १ | - | - | ५००० |
| बाख्रा ब्यबसाय | संख्या | १००० | ५०० | १००० | १५०० | २००० | २५०० | ५००० |
| प्राइबेट vet सेवा | संख्या | १ | २ | २ | ३ | - | - | ४००० |
| बंगुर पालन | कृषक | १०० | ३०० | ३०० | ४०० | - | - | ३००० |
| हाँस पालन | कृषक | ० | २०० | ५०० | ७०० | १००० | १२०० | २०० |
| जम्मा | | | | | | | | **२६२००** |

## ४.३ उद्योग, व्यापार तथा बित्तीय क्षेत्रको बिकास योजना

### ४.३.१ वस्तुस्थिति विश्लेषण

कोशी गाउँपालिका एउटा उदाउँदो उद्धोग, ब्यापार र वित्तीय क्षेत्रको विकासको लागि अति राम्रो सम्भावना बोकेको पालिका हो । किनभने पालिकाको मध्य भागबाट १८ कि.मि. को लम्बाईर्मा पूर्व–पश्चिम राजमार्ग भएर गएको छ । यसले गाउँपालिकाको सम्भावनाका ढोकाहरु खोलेको छ । हाल यहाँ साना तिना उधोग र रणनीतिक ब्यापारिक केन्द्र पनि रहेको छ र भविष्यमा अझ बृधि हुने ठुलो सम्न्भावानाहरु रहेका छन् । कृषि र पशु जन्य उधोगको लागि स्थानीय स्तर मै कच्चा पदार्थहरु उपलब्ध छन् र अपुग पुर्ब, पश्चिम तथा भारतबाट पनि सजिलै ल्याउन सकिन्छ जसले स्थानीय रोजगार र ब्यापारमा ठुलै योगदान दिन सक्छ । हाल आएर ब्यापारको हब (Hub) बन्न सक्छ । यसको लागि सेवा क्षेत्रले धेरै नै फाइदा लिन सक्छ । यसमा होटल, रेस्टुराँ, आराम केन्द्र, बेन्किंग र वित्तीय सेवाहरु अग्रिणी रुपमा हुने सम्भावना छन् । पतेर उधोगलाई विकास गरि कोशीको ब्राण्ड परिचयको रुपमा विकास गर्न सकिन्छ र त्यस्तै अन्य चिनोको घरेलु उधोग पनि संचालन गर्न सकिन्छ ।

### ४.३.२ उद्योग, व्यापार तथा बित्तीय क्षेत्रको समस्या तथा सम्भावना

कृषि, पशु, पर्यटन र साना/मझौला उधोगहरुको सम्भावना भएता पनि यस संग सम्बन्धित समस्याहरु पनि तेत्तिकै टड्कारो रुपमा रहेको छ । हालको अवस्थामा लगानी पुंजीको कमि रहेको छ । उधोग, ब्यापार र वित्तीय क्षेत्रको सम्पूर्ण विकासका लागि भू-परियोजनाको पनि कमि रहेकाले यसलाई समस्टिगत रुपमा समेटेर लगानी कर्ताहरु र नब-उधमीहरुलाई आकर्षित गर्न प्रचार, प्रसार र सभा/गोष्ठीको पनि कमि छ । यसमा बिशेस अध्ययन र सरोकारवाला संग छलफल गर्नु पर्ने छ । भारत सितको नजिक बोर्डर, कोशी बाढी र जंगली जनावारको आक्रमणले गर्दा व्यक्तिगत सुरक्षाका साथै उधोग/ब्यापार सुरक्षामा बिशेस चासोको बिषय रहेको छ । लगानीकर्ता आकर्षण गर्ने नीति नियमको कमिका साथै कर सहुलियत सम्बन्धि पनि स्पष्ट नीतिगत खाकाको कमि रहेको छा ।

## तालिका ४.३.१ उद्योग, व्यापार तथा बित्तीय बिकास क्षेत्रको वस्तुस्थिति विश्लेषण

| क्षेत्र | सम्भावना | समस्या | आवश्यकता |
|---|---|---|---|
| उद्योग, ब्यापार र ब्यबसाय | • ह्याचरी उधोग निर्माणधिन अवस्थामा<br>• उधोग बनाउने ठाउँ छ,<br>• खुनियाधारमा उधोगको लागि लगभग २ विघा जग्गा रहेको<br>• पसल २०० ओटा<br>• धान मिल १० ओटा (कुटानी, पिसानी)<br>• पेट्रोल पम्प १ ओटा<br>• बिउ बिजन उधोग<br>• पटेर प्रशोधन फार्म (गुन्द्री) | • स्थानियहरुको रोजगारको अवसर नरहेको<br>• लघु उधोग, घरेल उधोग र सानाठुला कुनैपनि उधोगहरु नहुनु<br>• पुजीको र ज्ञानको अभाव<br>• उधोगीहरु आकर्षित नभएको<br>• उधोगी तथा ब्यापारी हरुले असुरक्षित् महशुस गरेको<br>• बजारमा भएका नल नालामा अतिक्रमण भएको | • उधोग कारखाना उपलब्ध गर्ने, जग्गा उपलब्ध गराउने,<br>• वातावरणमैत्री हुनु पर्ने<br>• उधोगीहरुलाई आकर्षित गर्नु पर्ने<br>• बजारमा CCTV जडान गर्नु पर्ने<br>• अतिक्रमण भएको बज्ज़र क्षेत्रका टहराहरु हटाउने<br>• लधु उधोग संचालनको लागि प्रोत्साहन तथा प्रबद्र्धन गर्नु पर्ने ।<br>• ईन्धनको पर्याप्तता हुनु पर्ने<br>• हाट बजार ब्यवस्थापन गराउने र कार्य निर्देशिका बनाउने |
| बैंकिङ्ग, सहकारी तथा बित | • ग्लोबल, IME, फार्वाड, मेगा बैंक, सिर्जना फैनांस, स्वाबलंबन विकास बैंक, जीवन विकास बैंक जस्ता वित्तीय संस्थाहरू कार्यरत<br>• सहकारी ७ ओटा<br>• बैंकिङ ७ ओटा<br>• सहकारी संस्था र वितिय संस्थाहरु सकृय रहेको | • आवश्यक्ताको आधारमा ऋणको प्रर्वद्धन नभएको<br>• कृषी क्षेत्रमा लागानी नगरेको<br>• ब्याजदर बढी र सहुलियत दरमा ऋण लिन कठिनाई<br>• सहकारी संस्थाले समयमा खाद्य मल तथा उन्नत जातको विउ विजन उपलब्ध गराउन नसकेको<br>• बैकिङ्ग सम्बन्धि गाउँगाउँमा जानकारी नभएको, पहुचको अभाव<br>• सहकारीहरूको क्रियाकलापहरू सहज नभएको र जम्मा गर्न समस्या,<br>• कृषि सहकारी लाई मल खाद्य विउ विजनको समस्या,<br>• चर्को ब्याज दर रहेको, समान पँहुच नभएको,जग्गाको मुल्याँकन कम गरी ऋण प्रदान | • क वा ख वर्ग बैङ्क संचालन<br>• सहकारी स्थापना प्रवद्र्धन ।<br>• निजि तथा विकास बैकहरुलाई आकर्षित गर्नु पर्ने<br>• सहुलियत दरमा ऋण सुविधाहरु करोबारका लागि बातावरण बनाउनु पर्ने<br>• मल खाद्य तथा विउ विजन समयमा उपलब्ध गराउने र सो को लागि गोदामको व्यवस्था मिलाउनु पर्ने<br>• सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्ने ,<br>• सहकारी र बित्तिय संस्थाहरुको निर्माण वा स्थापना गर्नु ।<br>• ब्याज दरमा कमी, सर्व सुलभ पहुच, गा.पा.,प्रदेश,संघिय सरकारबाट दर तोकि दिदा<br>• ब्याज दरमा कमी, सर्व सुलभ पहुच, गा.पा.,प्रदेश,संघिय सरकारबाट दर तोकि दिदा |

### ४.३.३ उद्योग, ब्यापार तथा बित्तीय क्षेत्रको विकास अवधारणा

गाउँपालिकाको उधोग, ब्यापार तथा वित्तीय क्षेत्रको विकासलाई राष्ट्रिय योजना आयोगबाट प्रकाशित योजना तर्जुमा निर्देशिका (नमुना) को आधारमा कोशी गाउँपालिकाको विकासको अवधारण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### ४.३.३.१ उद्देश्य

गाउँपालिकाको उधोग, ब्यापार तथा वित्तीय क्षेत्र विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. उद्योग तथा व्यपारव्यवसायलाई प्रवद्र्धन गरी रोजगारीको वृद्धि गर्नु ।
२. बैंक, वित्तीय संस्था तथा सहकारीहरुलाई प्रवद्र्धन र नियमन गरी सेवामा सवैको पहुँच कायम गर्नु ।

#### ४.३.३.२ रणनीति  तथा कार्यनीति

दीर्घकालीन सौँचतर्फ उन्मुख भई विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न उधोग, ब्यापार तथा वित्तीय क्षेत्रको  बिकास लागि देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

तालिका  विषयगत क्षेत्र÷उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **क. उद्योग र व्यापार** | |
| १. स्थानीय उत्पादनमा आधारित साना तथा लघु उद्योग, व्यपार, व्यवसाय  तथा पर्यटनलाई प्रवद्र्धन गरी रोजगारीको वृद्धि गर्ने  । | १. उद्यम बिकास रणनीतिक योजनालाई समेत आधार बनाई लघु तथा साना उद्योग स्थापना तथा सञ्चालन गर्न गाँउपालिकाबाट उद्योगमैत्री नीति बनाइ कार्यान्वयन गरिनेछ ।<br>२. द्द। उद्योगहरु स्थापना गर्न साझेदारीको (PPP) नीति अवलम्बन गरिने छ ।<br>३. घ। कम्तिमा ५ वर्ष भित्र ुएक घर(एक रोजगारु सृजना गरी सबैलाई उपलब्ध गराइने छ । |
| **ख. बैंक, सहकारी तथा वित्तीय सेवा** | |
| १. बैंक, वित्तीय संस्था तथा सहकारीहरुको सेवालाई प्रभावकारी बनाई सेवामा सवैको पहुँच कायम गर्ने । | १. बैंक, वित्तीय संस्था तथा सहकारीहरुलाई प्रवर्द्धन र नियमन गरी यिनले दिने सेवालाई प्रभावकारी बनाइने छ ।<br>२. उँपालिका, नीजि क्षेत्र र सहकारीको सहकार्यमा उत्पादित वस्तुहरुको बजारीकरण गर्ने कार्यक्रहरु सञ्चालन गरिने छ ।<br>३. स्थानीय उत्पादन्, संकलन तथा बजारीकरणमा सहकारीहरूलाई जिम्मेवारी दिदै लगिनेछ ।<br>४. नियमनकारी निर्देशिका बनाई सर्वसुभ सुविधा स्थानीय कृषक तथा उद्यमीलाई उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईने छ<br>५. आर्थिक विकास तथा प्रबद्र्धनको लागि कोशी बासीलाई सहकारीमा आबद्ध गराई ३ वर्ष भित्रमा सवैलाई बैंकिङ सेवामा आवद्ध गरिनेछ । |

### ४.३.३ उद्योग, ब्यापार तथा बित्तीय बिकास क्षेत्रको बिकास नतिजा तालिका

कोशी गाउँपालिकाको आवधिक योजना अवधिमा उधोग, ब्यापार र वित्तीय क्षेत्रको बिकासको गतिलाई हेर्न तथा मापन र्गनको लागि बिकासको नतिजा तालिका (Logframe) दिईएको छ । यसलाई नतिजामा आधारित व्यवस्थापन (Result-Based Management - RBM) को सिद्धान्त अनुसार बनाइएको छ ।

तालिका नं. ४.३.३.१ उद्योग, व्यापार तथा बित्तीय बिकास क्षेत्रको बिकास नतिजा तालिका

| नतिजा श्रृङखला (Result Chain) | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार वर्ष | योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | आधार वर्ष ०७७/७८ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| प्रतिफल १.४ ब्यापार ब्यबसायका आधारभूत पूर्वाधार तयार भएको हुनेछ। | ब्यापार ब्यबसाय संलग्न | जना | ७४३ | ७५० | ७६० | ७७० | ७८० | ७९० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- विषगत शाखाहरुको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ। |
| | ब्यबस्थित बजार | संख्या | २ | | ३ | | | ५ | | |
| | बिधुतिकरण | प्रतिशत | ९७.२ | ९८ | १०० | | | | | |
| | CCTV जडान | संख्या | १० | २० | ५० | १०० | २०० | ४०० | | |
| | हाट बजार ब्यबस्थापन | संख्या | २ | | ३ | | | ५ | | |
| | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | ३४२ | ३५० | ३७५ | ४०० | ४२५ | ४५० | | |
| प्रतिफल १.५ साना तथा घरेलु उद्योगको स्थापना एवं प्रवर्द्धन भएको हुनेछ। | सुचारु व्यापार व्यवसाय | संख्या | ३३८ | ३४५ | ३६५ | ३८० | ४०० | ४२५ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- घरेलु शाखाको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - उद्योग प्रबर्द्धन स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ। |
| | चालु लघु उद्योग | संख्या | ५ | १० | १५ | २० | २५ | ३० | | |
| | चालु घरेलु उद्योग | संख्या | ० | १ | २ | ४ | ६ | ८ | | |
| | उत्पादन र बजारीकरण सहकारीमा आवद्ध | घर परिवार | २५०० | २७०० | २९०० | ३१०० | ३३०० | ३५०० | | |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | ५ | २५ | ५० | ७५ | १०० | १५० | | |
| | निकासीजन्य कच्चा पदार्थको परिमाण | क्विन्टल | १२०० | १५०० | २००० | २५०० | ३००० | ३५०० | | |

| नतिजा श्रृङखला (Result Chain) | **सूचक तथा पुष्ट्याईका आधारहरु** | | | | | | | | | **जोखिम पक्ष तथा पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सूचक** | | **आधार वर्ष** | **योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था)** | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | आधार वर्ष ०७७/७८ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| प्रतिफल १.६ बैंक तथा वित्तीय सेवामा सवैको पहुँच भएको हुनेछ। | सहकारीमा आवद्ध कृषक | संख्या | ८१० | १०० | १२०० | १५०० | १८०० | २५०० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सहकारी शाखाको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ। |
| | सेवा सुचारु वैक शाखा | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| | सुचारु वित्तीय संस्था र सहकारी | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | वैकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ७५ | ७८ | ८३ | ८६ | ८८ | ९० | | |
| | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ० | २ | ५ | १० | १ | २० | | |

### ४.३.४ उद्योग, व्यापार तथा बित्तीय क्षेत्र बिकास कार्यक्रम तथा योजना

कोशी गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्ने उद्योग, व्यापार तथा बित्तीय बिकास का विषयगत क्षेत्रको कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.३.४.१ उद्योग, व्यापार तथा बित्तीय बिकास बिकास क्षेत्रको कार्यक्रम तथा योजना*

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था) | | | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | इकाई | आधार वर्ष ०७७/७८ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| **उद्योग र व्यापार** | | | | | | | | ३१००० | |
| मुख्य बजार पूर्वाधार DPR तयार (TDF ऋण) | संख्या | DPR | १ | १ | १ | १ | १ | ८००० | लौकही, भन्टाबारी, हहरिपुर, नहरचोक, जमुवाचोक |
| कृषि प्रशोधन उद्योग ppp model | संख्या | – | १ | १ | – | – | – | ५००० | |
| पतेर उधोग | संख्या | १ | १ | – | – | – | – | ५००० | |
| हस्तकला र चिनो उधोग | संख्या | १ | १ | – | – | – | – | ३००० | |
| युवा तथा महिला उधमी शिप तालिम | संख्या | ४ | २ | १ | १ | – | – | ४००० | |
| हस्तकला र कोशेली | संख्या | १ | १ | १ | ० | – | – | २००० | |
| बजारीकरण भ्रमण, मेला | पटक | १ | १ | – | १ | – | १ | ४००० | |
| **१.६ बैंक, सहकारी तथा वित्तीय सेवा** | | | | | | | | १०००० | |
| बचत तथा ऋण बित्तीय सहकारी साझेदारी कार्यक्रम | संख्या | सुधार गर्ने | २ | ३ | ४ | ५ | – | ५००० | सवै वडा |
| सम्बन्ध र टाई अप गर्ने | संख्या | – | – | – | – | – | – | २००० | सवै वडा |
| कृषि उत्पादन्, प्रशोधन र बजारीकरणमा सक्रिय बनाउने | सहकारी संख्या | ० | २ | ५ | १० | १ | २० | ३००० | सवै वडा |
| **कूल जम्मा** | | | | | | | | ४१००० | |

## ४.४ पर्यटन क्षेत्रको बिकास योजना

### ४.४.१ पर्यटन क्षेत्रको वस्तुस्थिति विश्लेषण

कोशी गाउँपालिकामा अवस्थित कोशी टप्पु कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्र, कोशी ब्यराज, कोशी विच (beach) र रास्ट्रीय राजमार्गको संजालसंग जोडिएको कारण यात्रुहरुको आवत जावत, चरा र जंगली जनावार खास गरेर अर्ना, हात्तीको बास स्थानमा प्रत्यक्ष अवलोकन गर्न पाउनु भनेको पर्यटकको लागि अति नै सुखद कुरा हो र त्यसैले कोशी पालिका आन्तरिक तथा बाहिय पर्यटक आकर्षित गर्ने केन्द्रको रुपमा विकास गर्न सकिने प्रसश्त्र सम्भावना बोकेर रहेको छ ।

स्थानीय कला, संस्कृति, भेष भुषा, खानाका परिकारले पनि आफ्नै परिचय बोकेको छ भने बिबिधतामा छुटै पर्यटकीय स्वाद दिन सक्ने देखिन्छ । थारु, उराउ, मधेसी र मुस्लिम समाजको पनि पर्यटन बिकासमा जोड्न सकिन्छ र अर्थोपार्जनको नया ढोका खोल्न सक्छ ।

### ४.४.२ पर्यटन क्षेत्रको सम्भावना

कोशी गाउँपालिका पर्यटन बिकासको दृष्टिकोणले धेरै सम्भावना बोकेको पालिका हो । यहाँको कोशी टप्पु कोशी टप्पु वन्यजन्तु आरक्षण केन्द्र साइबेरियन चरा, जंगली भैंसी (अर्ना) र हात्तीको लागि ख्याति प्राप्त क्षेत्र हो । यसका साथै कोशी ब्यराज र कोशी विच (beach) अर्को महत्वपूर्ण ठाउँ हो । कोशी गाउँपालिकाको मध्य भाग भएर २०६५ सालमा कोशी बाँध फुटेर बाढी र डुबानले धेरै ठूलो क्षति भएको थियो । उजाड भएको गाउँ बस्ती अहिले पुनर्लाभ लिने क्रममा रहेको छ । बिस्थापित वस्ति तथा अर्थतन्त्र कसरी सहज अवस्थामा फर्किएको छ भन्ने कुरालाई अनुसन्धान पर्यटनसँग जोड्न सकिने सम्भावना रहेको छ ।

यहाँको स्थानीय कला, संस्कृति, भेष भुषा, खानाका परिकारले पनि आफ्नै परिचय बोकेकोले बिबिधतामा छुटै पर्यटकीय स्वाद दिन सक्ने देखिन्छ । थारु, उराउ, मधेसी र मुस्लिम समाजको पनि पर्यटन बिकासमा जोड्न सकिन्छ र अर्थोपार्जनको नया ढोका खोल्न सक्छ । पालिकाको मध्यभागबाट पूर्ब पश्चिम रास्ट्रीय राजमार्ग गएको छ भने सप्तरीको राजबिराज एयरपोर्ट र बिराटनगर एयरपोर्टको कारण हवाइ मार्गले समेत यस क्षेत्रको पहुँचलाई सहज बनाएको छ । कोशी टप्पु क्षेत्रमा ३ वटा भन्दा बढि पर्यटकीयस्तरका होटल तथा रिसोर्टहरू रहेका छन् । यी सम्पदा तथा पूर्बाधारहरूको कारण यस क्षेत्रमा पर्यटन बिकासको सम्भावना उच्च रहेको देखिन्छ ।

### ४.४.३ पर्यटन क्षेत्रको समस्या

माथि उल्लेख गरिएका सम्भावनाहरुलाई कार्यान्वयन गर्न धेरै किसिमका समस्याहरु रहेका छन् । यसको लागि पर्यटन गुरु योजना तयार गर्नु पर्ने छ । बाटो, बिजुली, शुद्ध पिउने पानी, ढल निकास र सिमसार क्षेत्रको ब्यबस्थापन समस्याहरु को रुपमा रहेको छ । जंगली जनावारको आक्रमणबाट बच्न तार-बारको कमि छ । कोशी टप्पु बारे प्रचार प्रसारको पनि कमि छ । लगानीकर्तालाई आकर्षण गर्न बिशेस प्याकेजको सुबिधाहरुको पनि कमि रहेको छ । सम्पूर्ण वडाबाट आएका पर्यटन सम्बन्धि सम्भावना, समस्या र आवश्यकता लाई समस्टिगत रुपमा तल प्रस्तुत गरिएको छ ।

### ४.४.३ पर्यटन बिकास क्षेत्रको विकास अवधारणा

गाउँपालिकाको समग्र पर्यटन विकासको क्षेत्रलाई राष्ट्रिय योजना आयोगबाट प्रकाशित योजना तर्जुमा निर्देशिका (नमुना) को आधारमा कोशी गाउँपालिकाको पर्यटन विकासका क्षेत्रको विकासको अवधारण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### ४.४.३.१ उद्देश्य

गाउँपालिकाको पर्यटन विकास क्षेत्रको उद्देश्य ***पर्यटन सेवालाई प्रवर्द्धन गरी रोजगारीको वृद्धि गर्नु*** रहेको छ ।

#### ४.४.३.२ रणनीति तथा कार्यनीति

दीर्घकालीन सौँचतर्फ उन्मुख भई विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न पर्यटन बिकास क्षेत्रको लागि देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

*तालिका ४.४.३.१ विषयगत क्षेत्र⁄उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **घ. पर्यटन** | |
| १. स्थानीय उत्पादनमा आधारित पर्यटनलाई प्रवद्र्धन गरी रोजगारीको वृद्धि गर्ने । | १. पर्यटन बिकास रणनीतिक योजना अन्तर्गत पहिचान भएका स्थानीय प्राकृतिक, साँस्कृतिक तथा धार्मिक सम्पदाहरुको अध्ययन गरी पर्यटन क्षेत्रको रुपमा गर्दै लगिने छ ।<br>२. कोशी बाढी प्रभावित क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा बिकास गर्दै लगिने छ ।<br>३. कम्तिमा ५ वर्ष भित्र एक घर एक रोजगारु सृजना गरी सबैलाई उपलब्ध गराइने छ |

#### ४.४.३.३ पर्यटन बिकास क्षेत्रको बिकास नतिजा तालिका

कोशी गाउँपालिकाको आवधिक योजना अवधिमा पर्यटन क्षेत्रको बिकासको गतिलाई हेर्न तथा मापन गर्नको लागि बिकासको नतिजा तालिका (Logframe) दिईएको छ । यसलाई नतिजामा आधारित व्यवस्थापन (Result-Based Management - RBM) को सिद्धान्त अनुसार बनाइएको छ ।

तालिका नं. ४.४.३.१ पर्यटन क्षेत्रको बिकास नतिजा तालिका

| नतिजा श्रृङ्खला (Result Chain) | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार वर्ष | योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था) | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | आधार वर्ष ०७७/७८ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| प्रतिफल १.१ व्यवसायिक पर्यटनको पूर्वाधार तयार भइ रोजगारीको सृजना भएको हुनेछ। | तालिम प्राप्त टुर गाइड | संख्या | २० | ३५ | ५० | ६५ | ८० | ९५ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- विषगत शाखाहरुको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - आवधिक योजनाको लक्ष्य उद्देश्यलाई आवश्यक पर्ने स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ। |
| | व्यवस्थित पर्यटकीय स्थल | संख्या | १ | | १ | | | | | |
| | पर्यटकीयस्तरका होटेल तथा रेष्टुरेण्ट | संख्या | ५ | | ६ | | | ७ | | |
| | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | जना | ४० | ४५ | ५० | ५५ | ६० | ६५ | | |
| | भमण गर्ने बार्षिक पर्यटक (वाह्य) | संख्या | १५०० | १७०० | २००० | २३०० | २४०० | २५०० | | |
| | भ्रमण गर्ने बार्षिक पर्यटक (आन्तरिक) | संख्या | ६००० | ७००० | ८००० | ९००० | १०००० | १०५०० | | |
| | व्यवस्थित पर्यटकीय स्थल | संख्या | १ | | | २ | | | | |
| | व्यवस्थित वनभोज स्थल तथा पार्क | संख्या | २ | | | ३ | | ५ | | |

### ४.४.४ पर्यटन विकास क्षेत्रको कार्यक्रम तथा योजना

कोशी गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्ने विषयगत क्षेत्रको कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.४.४.१ पर्यटन विकास क्षेत्रको कार्यक्रम तथा योजना*

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | **योजनाको लक्ष्य (०७८/७९ देखि ०८१/८२ सम्म) को अवस्था)** | | | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | इकाई | आधार वर्ष ०७७/७८ | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौं वर्ष | | |
| **पर्यटन** | | | | | | | | | |
| पार्क, स्विमिङ पुल, विउ टावर लगाएत पूर्वाधार | - | १ | १ | १ | १ | १ | १ | ४०००० | पालिका स्तर |
| बीच पर्यटन – खेल कुस्ती, वलिबल र फुटबल | - | – | १ | ० | ० | – | – | २०००० | |
| होमस्टे | संख्या | – | १ | ० | ० | – | – | ५००० | निजि क्षेत्र |
| टुर गाइड तालिम | जना | २० | १५ | १५ | १५ | १५ | १५ | १००० | |
| **जम्मा** | | | | | | | | ६६००० | |

# परिच्छेद ५
# सामाजिक बिकास योजना

## ५.१ पृष्ठभूमि

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षण गर्ने कुरालाई राज्य निर्देशक सिद्धान्त तथा नीतिमा समाविष्ट गरेको छ । बहुभाषिक, बहुजातिय, बहुसंस्कृती, सुन्दर तथा मनमोहक कोशी टप्पुबन्यजन्तु आरक्षण यस कोशी गाउँपालिका सामाजिक आयाम बृद्धि गर्ने अवयवको रुपमा रहेका छन् । सामाजिक समावेशीतामा जोड दिदै विकासको गतिमा अगाडि बढीरहेको यस गाउँपालिकाको सामजिक विकास योजनाको विस्तृत विवरण यस परिच्छेदमा समावेश गरिएको छ ।

## ५.२ वस्तुस्थिति विश्लेषण

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, स्वस्थ्य खानेपानीमा सवैको पहुँच, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता तर्फ थप अग्रसरता जरुरी रहेको छ । सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रुपमा रहेको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पताको संरक्षण, संवद्र्धन र विकास गर्ने दिशामा स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ । यस्ता आप कुरालाई ध्यानमा राखेर कोशी गाउँपालिकाको सामाजिक विकासको अवस्थाको विश्लेषण देहाय बमोजिम दिइएको छ ।

**तालिका ५.१ सामाजिक बिकास क्षेत्रको वस्तुस्थिति विश्लेषण**

| सम्भावना (हामी संग के छ ) | समस्या (के छैन) | आवश्यकता (के हुनु पर्छ ) |
|---|---|---|
| **शिक्षा, युवा तथा खेलकुद** | | |
| • यस गाउँपालिकामा<br>• सामुदायिक ३४ र मदरसा १७ गरी जम्मा ५१ विद्यालय रहेको<br>• साक्षरता ८३.७ प्रतिशत रहेके<br>• वालविकास केन्द्रहरु सञ्चालनमा रहेको<br>• विद्यालयमा खेल मैदान<br>• विद्यालयमा खानेपानी तथा शौचालयको व्यवस्था रहेको<br>• महिला शिक्षक<br>• विषयगत शिक्षक | • स्कुलहरुमा शिक्षक दरबन्दि कमी,<br>• भौतिक संरचनाको कमी<br>• वाल विकास केन्द्र अव्यवस्थित<br>• उच्च शिक्षा अध्ययनका लागि समस्या<br>• मा.वि.मा विषयगत शिक्षकहरु मिलान नभएको<br>• खेलकुद सामग्रीको कमि<br>• खानेपानी र शौचालयको कमि<br>• ११ र १२ को अध्ययन अध्यापन नभएको अवस्था ।<br>• अधिकाँश विधार्थीहरु अति गरिव विपन्न दलित जनजाती समुदायका रहेको हुँदा र छात्राहरुलाई पठन पाठनका लागि टाढा नपठाउने समुदाय भएको हुँदा उच्च शिक्षाबाट वंचित हुनु परेको अवस्था,<br>• विधालयको प्राङ्गणमा बर्षातको मौषममा पानी जम्ने गरेको । | • थप भवनहरु आवश्यक रहेको<br>• मा.वि. स्कुललाई +२ स्कुलमा स्तरोन्नती गरी प्राविधिक शिक्षा प्रणालीमा जोड दिनु पर्ने ,<br>• मा.वि. स्कुलमा विषयगत शिक्षकहरुको दरबन्दी मिलान गर्नु पर्ने ।<br>• खेलकुद सामग्रीको व्यवस्थापन<br>• विधालयमा स्वास्थ्य परिक्षणको व्यवस्था,<br>• विधालयमा बृक्षारोपन तथा फुलवारी लगाउने<br>• सफा र स्वच्छ खानेपानीको सहितको राम्रा शौचालय हुनु पर्ने ।<br>• विधालयमा अनुगमन हुनु पर्ने ,<br>• बार्षिक रुपमा टोल टोलमा अभिभावक भेला, कम्तिमा निरन्तर चैत बैशाखको बिचमा शिक्षा प्रतिको जागरण गराउने<br>• जंगली हात्तिको त्रासबाट बच्नका लागि बिधालयहरुमा घेरा बेराको उचित व्यवस्था मिलाउनु छ ।<br>• अतिरित्त कृयाकलाप |

| सम्भावना (हामी संग के छ ) | समस्या (के छैन) | आवश्यकता (के हुनु पर्छ ) |
|---|---|---|
| | • विद्यालयको जग्गा विधालयको नाममा दर्ता नरहेको ।<br>• जंगलि हात्तिको त्रास खेपिदै आएको छ ।<br>• लोकसेवा कक्षा सञ्चानल नभएको<br>• विद्यालय नर्स व्यवस्था<br>• सचेतनामा कमी<br>• कम्प्युटर शिक्षक तालिम नभएको<br>• एक विद्यालय एक कम्प्युटर कार्यक्रम<br>• EMIS तालिम | • विषयगत शिक्षक तालिम<br>• दलित बालबालिकाहरुलाई निशूल्क खाजाको व्यवस्था गर्नु पर्ने |
| स्वास्थ्य | | |
| • स्वास्थ्य संस्थाको लागि जग्गा र भवन भएको<br>• सामुदायिक स्वास्थ्य इकाइ ४ र स्वास्थय चौकी ४ रहेको छ ।<br>• वर्थिङ्ग सेन्टर २ वटा र ल्याव १ वटा रहेको<br>• कोभिड रेस्पोन्स टिम वडास्तरीय<br>• ८ स्वास्थ्य संस्था | • भौतिक पुवाधारको समस्या<br>• दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन नभएको,<br>• स्वास्थ्य संस्थामा विधुत जडान नभएको,<br>• स्वास्थ्य संस्थामा व्यवस्थित सफा खानेपानी र शौचालयको व्यवस्था नभएको ,<br>• खोप क्लिनिक, प्रसुति गृह, कुरुवा घर, विरामीको चाप अनुसार, औषधीको भण्डारण, एम्वुलेन्स, सामुदायिक स्वास्थ्य इकाइ र घेरावेरा तथा खानेपानीको व्यवस्था गर्नु पर्ने<br>• कोविड लगायतका सुरक्षा सामाग्रीहरुको खरिद गर्न र स्वास्थ्य कर्मी परिचालन गर्न रकमको अभाव<br>• स्वास्थ्य संस्थाहरुमा फर्निचर तथा औजार उपकरणहरुको अभाव<br>• गुण्स्तीय तथा अत्याधुनिक सुविधा सम्पन्न भवनको अभाव | • १५ बेडको अस्पताल निमार्ण हुनु पर्ने ।<br>• एम्वुलेन्स सेवा सञ्चालन हुनु पर्ने,<br>• प्रसुती सेवा उपलब्ध हुनु पर्ने,<br>• स्वास्थ्य चौकीलाई अस्पतालमा स्तरोन्नती गर्नु पर्ने,<br>• सामुदायिक स्वास्थ्य इकाईलाई स्वास्थ्य चौकीमा परिणत गर्ने,<br>• खोप क्लिनिक संचालनको लागि छुटै भवनको निर्माण गर्नु पर्ने,<br>• औषधीको आपुर्ति पर्याप्त गर्नु पर्ने,<br>• प्रसुती सेवा २४ घण्टा संचालन हुनु पर्ने ।<br>• स्वयसेविका भत्तामा बृद्धि हुनु पर्छ ,<br>• बिषयगत डाक्टर, नर्स, भवन निमार्ण र औषधी इत्यादी ।<br>• औषधीको आपुर्ति पर्याप्त गर्नु पर्ने,<br>• पानीको निकास र नयाँ चर्पिको निर्माण |
| खानेपानी तथा सरसफाई | | |
| • खानेपानीको मुख्य स्रोत बोरिङ्ग रहेको<br>• खानेपानीको ट्याङकी मात्र बनाएको<br>• घरघरमा कलको पानी खाने गरेको छ ।<br>• खानेपानी ट्याङ्की निर्माण<br>• प्रत्येक घरमा शौचालय छन,<br>• ८४.७ प्रतिशत घरपरिवारमा शौचालय भएको | • खाने पानीको पाईप घरघरमा जडान गरिएको छैन ।<br>• कलमा दुसित पानीको कारणले घरघरमा समस्या बढेको छ ।<br>• इनार र टयुवेलको पानी चेक जाँच नगरिएको ।<br>• इनार टयुवेलको पानीको व्यवस्थापन नगरेको<br>• ओभ हेड खानेपानी टंयाकी भए पनि सवै घरमा सेवा विस्तार नभएको<br>• खानेपानीको महसुल धेरै भएको<br>• खानेपानीमा कर्मचारी कम भएको<br>• सरसफाइको चेतनमा कमी रहेको<br>• ओभरहेड ट्क्याकी थपको अभाव | • सवै घरधुरीलाई स्वस्थ्य खानेपानीमा पहुँच हुनु पर्यो,<br>• स्वच्छ खाने पानीको बयवस्थाको लागी घर घरमा कल धारा जडान गर्नु पर्ने।<br>• खानेपानि निर्माण पुरा गर्ने र पानीमा भएको आर्सेनिक चेक जाच गर्ने र करिब ६००० घरधुरीमा पुर्याउने ।<br>• सरसफाईको लागि टोलटोलमा युवाहरुलाई सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्नु पर्छ ।<br>• कोशी व्यारेजमा शुद्ध खानेपानी व्यवस्था गरिनु पर्ने<br>• ओभरहेड ट्क्याकी थप गर्नुपर्ने |
| महिला, बालबालिका,जेष्ठ नागरिक, दलित, जननाति, अपगता भएका व्यक्ति तथा समावेशी | | |

| सम्भावना (हामी संग के छ ) | समस्या (के छैन) | आवश्यकता (के हुनु पर्छ ) |
|---|---|---|
| • विभिन्न जातजातिको बसोबास रहेको छ ।<br>• महिला तथा बालवालिका छन<br>• अपाङ्गता रोकथाम तथा न्यूनिकरण, मृत्यु दर कम हुदै गएको छ<br>• महिला समुह गठन भएको,<br>• प्रत्येक विधालयमा बाल क्लब भएको<br>• आमा समुहहरु भएको<br>• महिला संजाल, युवा संजाल<br>• मगर, चौधरी तथा लिम्बु जातिको बसोबास रहेका<br>• आदीबासी जनजाती भएको<br>• दलित तथा पिछडा बर्ग भएका<br>• वडामा अपाङ्गता समुह गठन भएको र अपाङ्गता सम्बन्धि कृयाकलाप गरिरहेको ।<br>• जेष्ठ नागरिकको लागी सा. सु उपलब्ध गराइरहको ,<br>• अपाङ्गता ब्यक्तिहरुलाई रातो कार्ड, निलो कार्ड वितरण भैरहेको | • सुत्केरी महिला समयमा स्वास्थय जाच नगराएको<br>• कम उमेरमा बिवहा गर्नु तथा शिक्षाको अभाव<br>• कार्वान्यिनको अवस्था नभएको, बाल क्बल गठन गरी समावेशी गठन नभएको<br>• आदिवावसीको जातिय पहिचानका कार्यक्रममा कमी<br>• जातिय भाषा अनुसार शिक्षा नहुनु<br>• सार्वजनिक भवनहरु अपांगमैत्री नहुनुका साथै अपांगमैत्री शौचालयको अभाव<br>• सरकारी संरचना हुदा पनि जेष्ठ नागरिक अपाङ्गता मैत्री नभएको<br>• वडा स्तरिय अपाङ्गता समुहलाई क्षमता अभिबृद्धि बैठक सेमिनार छलफल गर्न आफनो भवन नभएको<br>• ज्येष्ठ नागरिक अपांगता व्यक्तिको  कदर नहुने<br>• वडा स्तरिय अपाङ्गता समुहलाई क्षमता अभिबृद्धि बैठक सेमिनार छलफल गर्न आफनो भवन नभएको | • पालिकाको प्रत्येक कार्यक्रम तथा  बैठक, सभा र भेलामा सामाजिक समावेशी हुनु पर्ने<br>• महिलाहरु साक्षरको लागि साक्षरता कार्यक्रम बनाउनु पर्ने<br>• वालवालिकाहरुलाई पोषणको व्यवस्था हुनु पर्ने<br>• फरक क्षमता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य उपाचारको व्यवस्था गनुपर्ने<br>• वाल क्लव गठन गनुपर्ने<br>• जेष्ठ नागरिक दिवाकेन्द्रको स्थापना<br>• प्रत्येक आयोजना महिलाको सक्रिय सहभागिता बढाउने<br>• वालमैत्री तथा अपांगमैत्री पालिका घोषणा गर्ने<br>• बालवालिकाहरुलाई एकरुपता गरी बालक्लब समावेशी तरिकाले गठन गरी क्षमता अभिबृद्धि गर्ने<br>• बालबिबाह अन्त्य गर्ने कार्यक्रम हुनु पर्ने<br>• लैंगिक हिंसाको केशहरुको ब्यवस्थापानको लागी गोपनियता राख्न धेरैनै महत्वपूर्ण भएकाले वर्डामा मनोपरामर्श केन्द्र हुनु पर्ने।<br>• महिला आश्रयस्थल निर्माण<br>• आदीवासी जनजातीलाई आफनो हक अधिकार क्षमता अभिबृद्धी गरी गराउने<br>• दलित तथा पिछडा बर्गलाई आवासको व्यवस्था<br>• दलित तथा पिछडावर्गको लागि रोजगारीको अवस्था सृजना गर्नुपर्ने<br>• सरकारी संरचना भौतिक पुर्वाधार भवनहरु ज्येष्ठ नागरिकमैत्री अपाङ्गता मैत्री भवन बनाउने<br>• अपाङ्गता भएको व्यक्तिहरुको लागि छलफल बैठक गर्न्ने<br>• अधुरो अपाङ्गतामैत्री भवन निर्माण गर्ने योजना ल्याउने |
| **भाषा, धर्म तथा संस्कृति** | | |
| • सामाजिक सदभाव कायम रहेको<br>• मैथली र नेपाली भाषा भाषीको बसोबास भएको<br>• हिन्दु मुस्लिम धर्मावलम्बीहरूको बसोबास रहेको<br>• मैथली, उराँव, बंगाली, उर्दु भाषा रहेको<br>• इद दुल, संस्कृति, झाँगडनाच, | • मातृभाषा अनुसार शिक्षा प्रयोग नगर्नु<br>• धर्म तथा सँस्कृती अनुसार जातीय छुवाछुतको भावाना रहेको<br>• भाषा मैथिली मात्र बोल्ने र नेपाली भाषा बोल्ने<br>• नेपाली भाषा राम्ररी बोल्न नसक्ने<br>• समाजिकस्तरको पुस्तक निर्माण<br>• धर्म परिवर्तन<br>• | • हरेक भाषा तथा संस्कृतिलाई वडास्तरमा विकास हुनु पर्ने ।<br>• सवैलाई नेपाली भाषा बोल्नमा गाह्रो भएकोले सरकारी कार्यालयमा मातृ भाषामा बोल्न पाउने<br>• बालबालिकाहरुको लागी मातृभाषा अनुसार शिक्षा प्रदान प्रदान गर्नु पर्ने ।<br>• जातीय छुवछुतको भावना अन्त गर्नका लागी जनचेतना मुलक कार्यक्रम संचालन गर्नु<br>• सांस्कृतिक कार्यक्रमको प्रबधन गर्ने<br>• बहु भाषिक बहु धार्मिक ठाउ रहेकोले धर्म परिवर्तनलाई दुरूत्साहित गर्नु पर्ने |

## ५.३ सामाजिक बिकास क्षेत्रको विकास अवधारणा

यस कोशी गाउँपालिकाको शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी र सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद लगायत स्थानीय तहको सामाजिक क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ५.३.१ लक्ष्य

यस गाउँपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य ***स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु*** भन्ने रहेको छ ।

### ५.३.२ उद्देश्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- विद्यालय शिक्षाको गुणस्तर तथा जिवनउपयोगी उच्च शिक्षाको सहँज पहुँचमा बृद्धि गर्नु
- आधारभूत स्वास्थ्य सेवा तथा पोषणको पहुँच तथा गुणस्तरमा वृद्धि गर्नु
- स्वच्छ खानेपानीको उपलब्धता र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्नु
- विपन्न तथा जोखिममा रहेको एवं लक्षित वर्गको सक्षमता र संलग्नतामा अभिबृद्धी गर्नु
- युवाको सृजना, सक्षमता, उद्यमशिलता र सहभागितामा अभिबृद्धि गर्नु
- स्थानीय साँस्कृतिक, कला, भाषा, सिप, ऐतिहासिकसम्पदाहरुको संरक्षण र प्रवद्र्धन गर्नु

### ५.३.३ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न सामाजिक बिकास क्षेत्रको लागि देहायका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **१. शिक्षा, युवा तथा  खेलकुद** | |
| १. गुणस्तरीय, व्यवहारिक तथा जीवनपयोगी शिक्षाको सुनिश्चितता गर्ने | १. आगामी शैक्षिक शत्र देखि गाउँपालिक क्षेत्रका कम्तिमा २ वटा माध्यमिक विधालयमा कक्षा ११ र १२ को अध्ययन अध्यापन शुरु गरिनेछ ।<br>२. नयाँ शैक्षिकशत्र सुरु हुनु अगाडी विषयगत शिक्षक, समयानुकुल र तहगत तालिम शैक्षिक सत्रको बीचमार पुर्नताजकी तालिम सञ्चालन गरिनेछ ।<br>३. नियमित रुपमा अतिरिक्त क्रियाकलाप, सेवा आयोग कक्षा संचालन गरिनेछ ।<br>४. हरेक विद्यालयमा वगैचा स्थापना र विरुवा रोपणको गरिनेछ। |
| २. विद्यालयको संस्थागत सक्षमता वृद्धि गर्ने | १ सवै विद्यालयमा आवश्यक भौतिक संरचना तयार हुनेछ ।<br>२ विद्यालयमा खेलकुदलाई प्रवद्र्धन गर्न पर्याप्त मात्रामा खेलकुदका समाग्री व्यवस्था गरिनुका साथै वालवालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गरिनेछ ।<br>३ प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ जना नर्सको व्यवस्था गरिनेछ ।<br>४ खेलकुद मैदानको निर्माण तथा व्यवस्थापन गरी विद्यार्थीको सिर्जनशिलता रखेलकुद प्रवर्धनको व्यवस्था गरिनेछ ।<br>५ सामुदायिक शिक्षामा अभिभावको सहभागिता बढाउन अभिभावक शिक्षा संचालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. विद्यालय वैकल्पिक पढाई सुनिश्चितता गर्ने | १. शिक्षण सिकाइमा टेवा पु¥याउने डिजिटल पाठ्यसामाग्रीको व्यवस्था मिलाईनेछ । <br> २. दुर शिक्षा लागु गरिनेछ । <br> ३. शिक्षक क्षमता विकस तथा ICT सञ्चालन गरिनेछ । |
| **२. स्वास्थ्य तथा पोषण** | |
| १. आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने | १. एम्वुलेन्सको व्यवस्था गरी एम्बुलेस सेवाको पहुँच विस्तार गरिनेछ । <br> २. आमा समुह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता बिकास र सुविधामा सुधार गरी सामुदायिक स्वस्थ्यलाई प्रभावकारी बनाईने छ । <br> ३. प्रत्येक विद्यालयमा कम्तिमा १ जना स्वास्थ्यकर्मी सहित आकस्मिक उपचार कक्ष निर्माण गरी सञ्चालन गरिने छ । <br> ४. नसर्ने रोग व्यवस्थापनको लागि जनसमुदायमा व्यवहार परिवर्तन बारे सचेतना कार्यक्रम सञ्चलन गरिने छ । <br> ५. आयुर्वेद सेवा विस्तार गरी स्थानीय जडिवुटि लागि जडिवुटि वृक्षारोपण, जडिबुटी उद्यान कार्यक्रमलाई अघि वढाउने |
| २. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने | १. विषेषज्ञ सेवा प्रदान गर्न कम्तिमा १५ शैयाको १ वटा अस्पताल निर्माण गरी सञ्चालन गरिने छ । <br> २. स्वास्थ्य संस्थामा अपुग संरचना निर्माण र उपकरणहरु थप गर्दै लगिनेछ । <br> ३. स्वास्थ्य संस्थामा खानेपानी र शौचालयको उचित व्यवस्थापन गरिनेछ । <br> ४. स्वास्थ्य सम्बन्धी पूर्वाधारको महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ । |
| **३. खानेपानी तथा सरसफाई** | |
| १. स्वच्छ खानेपानी आपुर्ती लाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने | १. स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर परीक्षण लागि आवश्यक प्रबन्ध मिलाइनेछ । <br> २. विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसंभारको व्यवस्था गरिनेछ । <br> ३. एक घर एक धारा कार्यक्रमका लागि वृहत्तर तथा वैकल्पिक प्रणालीमा आधारित खानेपानी आयोजना संचालन गरी खानेपानी सुविधा सहजँ बनाइने छ । |
| २. फोहोरमैला व्यवस्थापनको आधार तयार गर्ने | १. टोल विकास संस्था तथा टोलस्तरीय महिला संरक्षण परिचालन गरी प्रतिस्पर्धात्मक र नियमित अभियानको रुपमा घर गाउँ सरसफाई र फोहोर व्यवस्थापन गरिनेछ। <br> २. घर तथा संस्थागत तबर निस्कने फोहोरलाई संकलन र विसर्जन गर्न संस्थागत व्यवस्था, साधन श्रोत र स्थानमा व्यवस्था गरिनेछ । <br> ३. पुर्ण सरसफाईयुक्त क्षेत्र घोषणालाई पूर्णपालना गरिनेछ । |
| **ससक्तिकरण र समावेशीकरण** | |
नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दै मौलिक हकको व्यवस्था गरेकोछ। स्थानीयवासीको दैनिक जीवनमा आवश्यक पर्ने काठ, दाउरा, घाँसपात, गैरकाष्ठ, वन पैदावारको आपूर्ति वनबाट नै हुने गर्दछ। यसबाट कृषि, पशुपालन र पर्यटनमा सुविधा पुग्ने हुनाले यसको प्रवर्द्धन र भूक्षय रोकथाम गर्न स्थानीय सरकारको दायित्व बनेको छ। नेपाल सरकार पक्ष भएर हस्ताक्षर गरिएको दीगो विकास लक्ष्यले समेत वन, वातावरण, जलवायु अनुकूलनलाई जोड दिएको अवस्थामा गाउँपालिकाले स्थानीयस्तरको योजना बनाएको छ।

कोशी गाउँपालिकाको पश्चिममा नेपालकै सबै भन्दा ठूलो कोशी नदी बगेको छ। त्यस्को साथै कोशी नदीको चुहावट (सिपेज) बाट निस्केका र अन्य साना खोलाहरू प्रसस्तै रहेका छन्। यस ठाउँमा कोशी नदी तथा खोलाहरूको कटान धेरै रहेको छ। यिनै विषयहरूलाई मध्यनजर गरी देहाय बमोजिम यस विषयगत क्षेत्रको वस्तुस्थिति विश्लेषण गरिएको छ।

**तालिका ७.२.१ भु–संरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको वस्तुस्थिति विश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | आवश्यकता |
|---|---|---|
| • गाउँपालिकामा शिमसार क्षेत्र २५ बिघा र पोखरी २५० ओटा।<br>• जनस्तरमा भूसंरक्षण तथा जलाधार संरक्षणबारे चेतना अभिबृद्धि भैरहेको।<br>• खुनियाधार र मरिया धार रहेको<br>• सरकारी पोखरी १ रहेको<br>• कोशीको पानी सिपेज भएर लगभग ४ कि. मी. लम्बाईमा खोलाको रुपमा बगिरहेको छ।<br>• कोशी जलश्रोतको ठूलो जालाधार क्षेत्र रहेका<br>• साबिक वडा नं ९ मा करिब ३०० मी खोलामा क्रेटिङ भएको | • शिमसार कारणले गर्दा भएको जग्गाबाट उब्जाउ गर्न अतिनै कठिन रएको छ।<br>• खेती योग्य जमिन बर्षेनी कटान गरी क्षति पुर्याउने गरेको।<br>• नदीले कटान र जोखिम बढाएको<br>• वातावरण तथा भूक्षयलाई मध्यनजर नगरी सडक निर्माण कार्य व्यापक रुपमा भैरहेको। | • नदी कटान जोखिममा रहेका परिवार तथा वस्तिको पहिचान गरी कार्यक्रम बनाउनु पर्ने।<br>• बाध बाध्ने र कटान नियन्त्रणका उपायहरु अपनाउने।<br>• नदी कटान नियन्त्रणको लागि प्रदेश सरकारसंग समन्वय गर्नु पर्ने<br>• पानी निकासको लागि व्यवस्था गर्नु पर्ने, ढुङ्गाको व्यवस्था गर्ने ।<br>• सिपेज पानीलाई सिँचाईमा परिणत गर्ने<br>• जल उत्पन्न स्रोतको पानीलाई उचित निकास दिएर ठूलो खोलामा बग्ने व्यवस्था गर्नुपर्ने<br>• धार सफा गरी उचित केटिङ्गको ब्यवस्था गर्नु पर्ने<br>• पुर्व सूचना प्रणाली जडान गर्नु पर्ने<br>• सार्बजनिक र निजि पोखरीहरुलाई ब्यबस्थापन गर्नु पर्ने। |

### ७.२.२ भू तथा जलाधार व्यवस्थापन क्षेत्रको विकास अवधारणा

गाउँपालिकाको भू तथा जलाधार व्यवस्थापन क्षेत्रको विषयगत क्षेत्रको विकासको अवधारण देहाय अनुसार प्रस्तुत गरिएको छ।

#### ७.२.२.१ उद्देश्य

गाउँपालिकाको बन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- भू तथा जलाधार क्षेत्रको दीगो संरक्षण र भूक्षयजोखिम न्यूनीकरण, व्यवस्थित गर्नु।

तालिका ७.२.२ भू तथा जलाधार व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण र वैज्ञानिक व्यवस्थापनमा अभिवृद्धी गर्ने। | १. कोशी नदीको तट व्यवस्थापन, पानी मुहान संरक्षण तथा नदीकटान क्षेत्रको संरक्षण तथा व्यवसायिक उपयोग गर्दै लगिनेछ।<br>२. गिट्टी, बालुवा, माटो, आदि खानीजन्य वस्तु सम्वन्धी स्थानीय नीति बनाई सर्वेक्षण, अन्वेषण, खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग गर्ने व्यवस्थापन मिलाईने छ।<br>३. बाढी प्रभावित क्षेत्रमा व्यवसायिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै लगिने छ। |

### ७.२.२.२ भू तथा जलाधार व्यवस्थापन क्षेत्रको बिकास नतिजा तालिका

गाउँपालिकाको आवधिक योजना अवधिमा बन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको बिकासको गतिलाई हेर्न तथा मापन गर्नको लागि तलिाका ७.५ मा बिकासको नतिजा तालिका (Logframe) दिईएको छ। यसलाई नतिजामा आधारित व्यवस्थापन (Result-base Management) को सिद्धान्त अनुसार बनाइएको छ।

**तालिका ७.२.३** भू तथा जलाधार व्यवस्थापन क्षेत्रको बिकास नतिजा

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (०७८/७९ देखि ०८२/८३ सम्म) योजनाको लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | **विवरण** | इकाई | (आ.व. ०७७/७८ सम्मको अवस्था) | पहिलो वर्ष ०७८/७९ | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| भू तथा जलाधार क्षेत्रको दीगो संरक्षण र भूक्षयजोखिम न्यूनीकरण, व्यवस्थित हुने छ। | सिमसार क्षेत्र व्यवस्थापन (बाँधनिर्माण र वृक्षारोपण) (कृषिमामाछापालन) | संख्या | २ | १ | १ | १ | १ | १ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- वन तथा वातावरण शाखाको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ। |
| | संरक्षित भू–क्षय र बाढी संवेदनशील क्षेत्र नदी कटान नियन्त्रण (तटबन्ध, घेराबारा, र बायो इन्जिनियरिङ) | संख्या | १ | | १ | १ | १ | १ | | |
| | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | १ | २ | २ | २ | २ | २ | | |
| | संरक्षण पोखरी | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | १ | १ | १ | १ | १ | १ | | |

### ७.२.२.४ कार्यक्रम तथा योजना

गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्न भू तथा जलाधार व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ७.२.४*** **भू तथा जलाधार व्यवस्थापन क्षेत्रको** ***कार्यक्रम तथा योजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | आधार वर्ष | | योजनाको लक्ष्य | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | इकाई | ०७७/ ०७८ | लक्ष्य (०७८/७९ देखि ०८३/८३ सम्म) | | | | | | |
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| ९.१.१ बायो ईन्जिनियरिङ | मिटर | ० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ८०० | वडा १,३,७,८ |
| ९.१.२ क्रेटिङ घरखाखोला | मिटर | ० | २५० | २५० | २५० | २५० | २५० | २००० | वडा १, ३, ७, ८ |
| ९.१.३ सिपेज कुलो पैनि सफाई | किमी | ० | १ | १ | १ | १ | १ | ५०००० | पालिकास्तर |
| ९.१.४ वाल फेनसिङ | | ० | | १ | | १ | | २००० | पालिकास्तर |
| ९.१.५ भु- उपभोग रणनिति | पटक | ० | १ | | | | | ५०० | पालिकास्तर |
| ९.१.६ नदी किनारामा वृक्षा रोपण | वटा | २०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | पालिकास्तर |
| ९.१.७ मुहान संरक्षण जलकुम्हि सफाई | वटा | ० | २ | २ | २ | २ | ४ | ४०००० | पालिकास्तर |
| ९.१.८ वस्ती व्यवस्थापन कार्यक्रम | वस्ति | ० | १ | १ | १ | १ | १ | ५०००० | पालिकास्तर |
| ९.१.९ वाल फेन्सीङ | किमी | ० | | .५ | .५ | | | १०००० | पालिकास्तर |
| जम्मा | | | | | | | | १५७३०० | |

## ७.३ विपद् व्यवस्थापन

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र बारुणयन्त्र सञ्चालन सम्बद्ध क्षेत्रहरू समावेश गरिएका छन । यस खण्डमा विपद् व्यवस्थापन क्षेत्रको योजना प्रस्तुत गरिएको छ ।

### ७.३.१ विपद् व्यवस्थापनको अवस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा सुरक्षित वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दै मौलिक हकको व्यवस्था गरेकोछ । स्थानीयवासीको दैनिक जीवनमा आइपर्ने शंकट र विपदबाट सुरक्षित राख्न स्थानीय सरकारको दायित्व बनेको छ । कोशी गाउँपालिकामा मुख्य गरेर कोशी नदीको कटान तथा बाढी र वन्यजन्तु आक्रमण प्रमुख विपद्को रूपमा देखिएको छ । यहाँ कोशी नदीमा आउने बाढीको र हात्तीको आक्रमणले सन्त्रास फैलाइरहेको छ । यहाँको अर्को सुरक्षाको समस्या भनेको सिमापार अपराध पनि रहेको छ । यिनै कुरालाई मध्यनजर राखी पालिकाको दूरदृष्टिमा सुरक्षित कोशी गाउँपालिका भन्ने परेको छ ।

**तालिका ७.२.१ विपद् व्यवस्थापन क्षेत्रको वस्तुस्थिति विश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | आवश्यकता |
|---|---|---|
| • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद व्यवस्थापन ऐन २०७५ ले स्थानीयस्तरको विपदको व्यवस्थापन गर्ने जिम्मा स्थानीय तहलाई दिएको<br>• गाउँपालिकाले विपद् व्यवस्थापन सम्वन्धी ऐन र कार्याविधि निर्माण गरेको ।<br>• विधुतिय घेरावेरा जडान गरिएको ।<br>• विपद् व्यवस्थापन समुह गठन तथा परिचालन गएिको ।<br>• उदार सामाग्रि सहितको इलाका प्रहरी बिट १ वटा रहेको<br>• खाद्यान्न आपुर्तिका लागि खुल्ला सिमाना, प्रर्याप्त उत्पादन र बजार रहेको<br>• बाटोघाटोको संरचना निर्माण भएको<br>• नेपाल रेडक्रस सोसाइटी लगायत विपद ब्यबस्थापनको काम गर्ने संघ संस्थाहरुको उपस्थिति र क्रियाशिलता रहेको<br>• गाउँपालिकामा वातावरण र विपद् व्यवस्थापन शाखा कृयाशिल रहेको<br>• निर्माण कार्यहरु प्रकोपमैत्री (भूकम्प प्रतिरोधी, आगलागी प्रतिरोधी) हुनु पर्ने विषयमा जनचेतना बृद्धि भैरहेको | • हात्ती र कोसी नदीमा आउने बाढीको समस्याले सन्त्रास फैलाइरहेको छ ।<br>• विपद् व्यवस्थापन पूर्व तयारीका कार्यहरुमा कमी<br>• आगलागी, वाढि, सितलहर, जस्ता विपद् जोखिम उच्च रहेको<br>• मापदण्ड बिना भौतिक पूर्वाधार निर्माण कार्य बढि<br>• भावन संहिता, भूउपायोग नीति लागु हुन बाँकी ।<br>• सर्प टोकाइ र हाती हात्तिको आंतकले बर्षेनी मानविय र भौतिक क्षती हुने गरेको ।<br>• कोष परिचालन सम्बन्धि स्पष्ट निति तथा कार्ययोजना नभएको<br>• तालिम लिने व्यक्तिहरु परिचालन नभएको<br>• सूचना सम्प्रेसन सबैमा अपुग रहेको<br>• भण्डारण कक्ष निर्माण नभएको<br>• उपलब्ध नीति नियमहरु कार्यान्यिनमा कमी नरहेको<br>• घर नक्सा तथा सडक नीति तथा मापदण्ड नरहेको | • हात्ती तथा बाढी जस्ता प्राकृतिक बिपदहरु आउदा आधुनिक प्रबिधिको प्रयोग गरी पूर्व जानकारी दिने र जनधनको सुरक्षा गर्ने व्यवस्था गर्नुपर्ने ।<br>• विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने।<br>• मोबाईल, एफ.एम. तथा माइकिङ्ग मार्फत सूचना तथा संचार प्रदान गर्ने<br>• एकिकृत बस्ति सम्बन्धि नीति निर्माण गर्ने<br>• शितलहरको समयका लागि दाउरा डिपो स्थापना गर्ने<br>• सार्वजनिक जग्गा, सडक तथा खोला किनारामा बृक्षारोपण गर्ने<br>• भवन संहिता बनाई लागु गर्नु पर्ने<br>• विपद् प्रतिरोधात्मक, क्रियाकलापहरू एकीकृत रूपमा कार्यान्वयन गर्नुपर्ने ।<br>• भूकम्प प्रतिरोधी संरचना बनाउन जोड दिनु पर्ने<br>• विद्यालय लगायत सार्वजनिक स्थलहरुमा विपद् व्यवस्थावन पूर्वतयारीका कामहरु गर्नु पर्ने ।<br>• जंगली जनावर आंतक नियन्त्रणका लागि थप आधुनिक उपायहरु अबलम्बन गर्नु पर्ने<br>• पानीको निकास व्यवस्था मलिाउनु पर्ने,<br>• बिभिन्न सरोकारवाला निकायहरुसँग समन्वय र साझेदारी गर्ने । |

### ७.३.२ विपद् व्यवस्थापन क्षेत्रको विकास अवधारणा

गाउँपालिकाको विपद् व्यवस्थापन विषयगत क्षेत्रको विकासको अवधारण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ७.३.२ उद्देश्य

गाउँपालिकाको विपद् व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- नदीजन्य तथा जंगली जनावरजन्य विपद् जोखिम व्यवस्थापन भई गाउँबासीको सुरक्षामा बृद्धि गर्नु ।

तालिका ७.२ विपद् जोखिम व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| विपद जोखिम न्युनिकरणका संयन्त्र निर्माण तथा पुर्व तयारी गरी जनधनको क्षतिमा कमी गर्ने । | १. कोभिड १९ (कोरोना भाइरस) जस्ता महामारीलाई नियन्त्रण र रोकथाम गर्न पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई लागु गरिनेछ ।<br>२. खोज, उद्धार तथा राहत सामग्रीको तयारी र वितरण गर्न गाउँपालिकाले मापदण्ड बनाएको हुनाले सोही वमोजिम काम गरिने छ ।<br>३. स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यन्वयन गर्न सरकारी तथा गैरसरकारी, सामाजिक संघ संस्थाहरु र स्वयंसेवक युवा जनशक्तिलाई परिचालन गरिनेछ ।<br>४. मानवजन्य दुर्घट्ना तथा विधुत सर्ट भै हुने आगजनिबाट उत्पन्न हुने विपद्लाई न्यून गर्न विभिन्न व्यवसाय, सरकारी कार्यालय, सेवाप्रदायिक संघसंस्थाका कार्यालय, शैक्षिक र स्वस्थ्यमा सचेतनामुलक कार्याक्रम सञ्चालन गरिनेछ ।<br>५. कार्यालयहरुमा आगो नियन्त्रन साधनहरुको व्यवस्थापन र वस्तीमा हुने आगलागी नियन्त्रण गर्न ब्यबस्थित  प्रकृयालाई अघि बढाइएने छ ।<br>६. जङ्गली जनावरबाट क्षति न्युन गर्न सबै सरोकारबालाहरुसँगको सहकार्य तथा निति र प्रभावकारी कार्यक्रम ल्याईने छ । |

### ७.३.३.४ विपद् व्यवस्थापन क्षेत्रको बिकास नतिजा

गाउँपालिकाको आवधिक योजना अवधिमा विपद व्यवस्थापन क्षेत्रको बिकासको गतिलाई हेर्न तथा मापन गनको लागि तलिाका ७.३.४.१ मा बिकासको नतिजा तालिका (Logframe) दिईएको छ । यसलाई नतिजामा आधारित व्यवस्थापन (Result-base Management) को सिद्धान्त अनुसार बनाइएको छ ।

**तलिाका ७.३.४.१ विपद् व्यवस्थापन क्षेत्रको बिकास नतिजा तालिका**

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (०७८/७९ देखि ०८२/८३ सम्म) योजनाको लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ को अवस्था) | पहिलो वर्ष ०७८/७९ | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| नदीजन्य तथा जंगली जनावरजन्य विपद् जोखिम व्यवस्थापन भई गाउँबासीको सुरक्षामा बृद्धि भएको हुनेछ । | प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति | संख्या | २० | २५ | २५ | २५ | २५ | २५ | • गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>• विषगत शाखाहरुको प्रगति प्रतिवेदन<br>• अनुगमन समितिको अनुगमन प्रतिवेदन | • सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>• वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | विपदबाट भएको बार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रु. लाखमा | ५०० | ३०० | २०० | १०० | ५० | २० | | |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | २ | १ | १ | १ | १ | १ | | |
| | नदि कटानबाट प्रभावित क्षेत्र | हेक्टर | ६ | ६ | ५ | ३ | २ | १ | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष रकम (बार्षिक) | लाखमा | | २००० | १५०० | १००० | ५०० | ५०० | | |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ÷संस्थाहरु | संख्या | २ | २ | २ | २ | २ | २ | | |
| | सुरक्षित, एकीकृत र व्यवस्थित आवास क्षेत्र,वस्ती | संख्या | | १०० | १०० | १०० | १०० | १०० | | |

### ७.३.४ कार्यक्रम तथा योजना

गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्ने विपद् व्यवस्थापन विषयगत क्षेत्रको कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ७.३.४.१*** विपद् व्यवस्थापन ***क्षेत्रको कार्यक्रम तथा योजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको लक्ष्य | | | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | इकाई | आधार वर्ष ०७७/०७८ | लक्ष्य (०७८/७९ देखि ०८३/८३ सम्म) | | | | | | |
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| १. दक्ष जनशक्तिको विकास (आग्नी नियन्त्रण आदिबारे तालिम र सचेतना) कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५०० | पालिका |
| २. डि आर आर पलान | संख्या | ० | १ | | | | | ६०० | पालिका |
| ३. प्रकोप नक्सांकन र जोखिम न्यूनिकरण | संख्या | ० | | १ | | | | ६०० | पालिका |
| ४. आपतकालिन सुचना केन्द्र सँचालन | पटक | ० | | १ | | | | १००० | पालिकास्तर |
| ५. अर्लि अलार्म जडान | वटा | ० | | १ | | | | १००० | पालिकास्तर |
| ६. लाईटनिङ एरेस्टर | वटा | ० | २ | २ | २ | | | ४००० | पालिका |
| ७. वन्यजन्तु रोक्र ट्रेन्ज निर्माण | किमि | ० | ४ | ४ | ४ | ४ | ३ | ५१०००० | पालिका |
| ८. फाईर एकस्टिगुईजर | वटा | ० | ४० | | | | | २०० | पालिका |
| ९. क्षमता बिकास तालिम | पटक | १ | २ | २ | २ | २ | २ | १५०० | पालिका |
| जम्मा | | | | | | | | ५१९४०० | |

**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन**

## ८.१ पृष्ठभूमि

नेपालको संविधानले गाउँपालिकालाई जनताको नजिकको स्थानीय सरकारको रुपमा व्यवस्था गरेकोछ । संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले माध्यमिक तह सम्मको शिक्षा, प्राथकि तहको स्वास्थ्य र स्थानीय तहको योजना तर्जुमा तथा कार्यानवयनका साथै प्रमाणित, सिफारिस, न्यायिक, अनुगमन मुल्याङ्कन जस्ता जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने कामको जिम्मेवारीहरु स्थानीय तहको जिम्मेवारीमा रहेको छ। गाउँपालिकाको उत्तरदायित्व र जिम्मेवारी बहनसँगै सुशासन र पारदर्शिता जोडिएर आएको छ । यस योजनामा जिम्मेवारी बहन र सुशासनलाई योजनाबद्ध ढंगले आगामी ५ वार्षको सोँच, उद्देश्य र कार्यक्रमहरु राखिएको छ ।

## ८.२ वस्तुस्थिति विश्लेषण

नेपालको संविधान (२०७२) बमोजिम तीन तहको सरकार मध्ये गाउँपालिका स्थानीय तह अर्थात जनताको सवै भन्दा नजिकको सरकार हो । नजिक हुनुको नाताले स्थानीय सरकारले नागरिकको दैनिक आवश्यकका कामहरुलाई छिटो छरितो गर्ने, विकास निर्माणका कामहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने, गाउँपालिका अन्तरर्गतका वडा कार्यलय समेत सम्पूर्ण सेवाप्रदायक कार्यलयहरुको व्यवस्थापन तथा नियमन गर्ने, गाउँपालिका अन्तर्गत हुने सम्पूर्ण कामहरुमा सुशासन कायम गर्ने जिम्मवारी गाउँपालिकाको हुन्छ । गाउँपालिकाको कामलाई चुस्त र दुरुस्त राख्न पालिका लगायत सेवप्रदायक कार्यलयहरुसँग सम्बन्धित मानवीय शक्तिलाई समयानुकुल सक्षम र कुसल बनाउन समेत गाउँपालिकाको दायित्व बनेको छ । यसका लागि मौजुदा अवस्थाको विश्लेषण हुन आवश्यक हुने हुनाले संस्थागत विकास तथा सुशासन क्षेत्रको वस्तुगत विश्लेषण देहाय बमोजिम गरिएको छ ।

**तालिका ८.१ संस्थागत विकास तथा सुशासन क्षेत्रको वस्तुस्थिति विश्लेषण**

| सम्भावना (हामीसँग के छ) | समस्या (के छैन) | आवश्यकता (के हुनुपर्छ) |
|---|---|---|
| **मानवीय स्रोत विकास** | | |
| • निर्वाचित प्रतिनिधिहरू सकृय रहेको<br>• महिला समूह, बाल क्लब, आमा समूह, अपाङ्ग समूह, सचेतना केन्द्रहरू रहेको हरू<br>• युवा परिचालन, सहकारी सँस्था<br>• महिला स्वास्थय स्वयम् सेविका<br>• सम्पूर्ण वडाका बासिन्दालाई वडा कार्यालय भवनवाट सेवा प्रवाह गरिरहेको<br>• वडा नं. ४ को वडा कार्यालय रहेको । | • जनशक्ति तथा क्षमताको कमी<br>• दक्ष जनशक्तिको कमी<br>• यान्त्रिक उपकरणको कमी<br>• पदाधिकारी तथा कर्मचारीहरूका लागि सेवा प्रवाहमा आवश्यक क्षमता विकासको कमी<br>• समूहहरूको भवन नभएकाले बैठक बस्न गाह्रो भएको<br>• जनप्रतिनिधिहरूलाई तालिमको अभाव<br>• चेतनाको अभाव | • कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि बेलाबेलामा आवश्यक तालिम गोष्ठी संचालन गर्ने<br>• वडा कार्यालयहरुलाई आधुनिक प्रविधिमैत्री बनाउने<br>• भवन निर्माणका लागि जग्गाको व्यवस्था गर्ने<br>• कार्य विवरण तयार गरी निर्माण कार्य प्रारम्भ गर्ने<br>• समय समयमा पुनर्ताजगी तालिमको व्यवस्था गर्ने ।<br>• भौतिक संरचना पूरा गर्ने ।<br>• सबै वडाहरूमा आवश्यक कर्मचारी परिचालन गर्ने |
| **संस्थागत क्षमता विकास** | | |

| सम्भावना (हामीसँग के छ) | समस्या (के छैन) | आवश्यकता (के हुनुपर्छ) |
|---|---|---|
| • जनप्रतिनिधि उपस्थिति रहेको<br>• वडामा जनशक्ति छ<br>• वडा कार्यालय भवन रहेको ।<br>• दुग्ध उत्पादन संस्था रहेको, सहकारी संस्था रहेको जग्गा र भवन को अभाव | • सबै तहमा तालिमको अभाव<br>• सेवाग्राहीहरूको कार्यमा ढिलासुस्ती रहेको ।<br>• विषयगत क्षेत्रमा परिपक्क नभएको<br>• समयसापेक्ष उपकरण र दक्ष कर्मचारीको कमी सडकमा विद्युत् नपुगेको<br>• कर्मचारीमा क्षमताको कमी रहेको<br>• अनुगमनको कमी । | • वडाभित्रका संस्थाहरूलाई क्षमता अभिवृद्धिको तालिमको व्यवस्था<br>• नेतृत्व विकासको तालिम<br>• सेवाग्राहीहरूको कार्य सरल र सुलभ हुनुपर्ने<br>• कर्मचारीमा क्षमताको विकास गर्नुपर्ने ।<br>• दक्ष जनशक्ति तयार गर्नु पर्ने ।<br>• समयसापेक्ष उपकरण र दक्ष कर्मचारीमा तालिमको कमी |
| **सुशासन प्रणाली विकास** | | |
| • वडास्तरीय अनुगमन सुपरिवेक्षणका समिति गठन गरिएको<br>• विकास योजना, कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि र स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि स्वीकृत गरी प्रयोगमा ल्याएको<br>• पटक पटक योजनाहरूको अनुगमन गरी प्रतिवेदन पेस भएको<br>• योजना तथा कार्यक्रमहरूको वार्षिक समीक्षा गोष्ठी गरी आवश्यक अभिलेख राखिएको | • बजेट तथा कार्यक्रम तर्जुमा समिति कम सक्रिय हुन नसकेको<br>• अनुगमन तथा सुपरिवेक्षण समितिले र आवधिक रूपमा प्रभावकारी अनुगमन तथा मूल्यांकनको अभ्यासमा कमी रहेको<br>• नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन अभ्यासको कमी रहेको<br>• नियमित समीक्षाको अभाव रहेको<br>• योजना तर्जुमा र अनुगमन प्रक्रियामा क्षमताको कमी रहेको | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य विवरण स्पष्ट गरी सो अनुसार कार्य सम्पादनका लागि क्षमता विकास गर्ने<br>• सुपरिवेक्षण समितिलाई क्षमता विकास कार्यक्रम<br>• नतिजामूलक अनुगमन तथा मूल्यांकनका लागि कार्यविधि, तर्जुमा र कार्यान्वयन गर्न्रे<br>• उपभोक्ता समितिहरूका लागि क्षमत विकास कार्यक्रम संचालन गर्ने<br>• अनुगमन तथा सुपरिवेक्षण समितिलाई नतिजामूलक अनुगमन तथा मूल्यांकनका लागि क्षमता विकास गर्न उत्कृष्ट संविधान तथा कानुनको आवश्यकता |
| **राजस्व परिचालन** | | |
| • जग्गाको मालपोतबाट राजश्व संकलन भैरहेको ।<br>• माछा पोखरीको ठेक्का र सिफारिस आन्तरिक आम्दानीको मुख्य श्रोत रहेके | • प्राप्त राजस्व गापाले कार्यलय सञ्चालनमा खर्च गर्ने ।<br>• दक्ष जनशक्तिको कमी छ ।<br>• राजस्व वडास्तरमा परिचालन गर्ने नीति नहुनु ।<br>• अधिकारक्षेत्रभित्रको आन्तरिक आयका स्रोतहरू पर्याप्त नरहेको। | • प्राप्त राजस्व गापा ले सम्बन्धित वडा कार्यालयलाई सञ्चालनमा खर्च गर्न दिने नीति बनाउने ।<br>• विपन्न तथा लक्षित वर्ग सेवाग्राहीहरूका लागि सेवा निःशुल्क हुनु पर्ने ।<br>• सेवा कार्य सरल र सुलभ हुनुपर्ने तथा क्षमता विकास गर्ने । |

## ८.३ विषय क्षेत्रगत विकास अवधारणा

गाउँपालिकाको समग्र विकासको क्षेत्रलाई राष्ट्रिय योजना आयोगबाट प्रकाशित योजना तर्जुमा निर्देशिका (नमुना) लाई स्थानीयस्तरमा अनुमोदन गरी तयार गरिएको निर्देशिकाको आधारमा गाउँपालिकाको संस्थागत बिकास तथा सुशासन विषयगत क्षेत्रको विकासको अवधारण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ८.३.१ लक्ष्य

यस गाउँपालिकाको संस्थागत बिकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- सेवा प्रवाह, कार्यसम्पादन, योजना व्यवस्थापन र जवाफदेहिताको स्तरमा अभिबृद्धि हुने ।

### ८.३.२ उद्देश्य

गाउँपालिकाको संस्थागत बिकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- गापाको कार्यसम्पादन क्षमताकोस्तर, नागरिक सन्तुष्टी र प्रभावकारी विकास व्यवस्थापनमा वृद्धि गर्नु ।

***तालिका ८.२ : विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति***

| रणनीति | कार्यनीति |
|---|---|
| **क. संस्थागत तथा मानव संसाधन बिकास** | |
| आवश्यक पूर्वाधार र मानश्रोतको विकास गरी कार्यलयबाट प्रबाह हुने सेवा सुविधालाई सहज र प्रभावकारी बनाउने । | १. गाउँपालिका, वडा कार्यालय तथा गापा अन्तर्गतका कार्यलयहरुको भवन तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने श्रोतसाधनको व्यवस्था मिलाईने छ ।<br>२. गाँउपालिका सेवाको व्यवस्थापन सम्वन्धी नीति र कानून बमोजिम निर्धारण गरिएको स्थानीय तहको संगठन संरचना तथा दरबन्दीलाई क्रमस कार्यन्वयन गरिनेछ ।<br>३. गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्ने जिम्मेवारी बहन गर्न आवश्यक तथा बाँकी ऐन कानूनहरु यथासक्य चाँडो निर्माण गरिनेछ ।<br>४. जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउने कार्यलाई निरन्तरता दिईने छ ।<br>५. कर्मचारी तथा पदाधिकारीहरुको कार्यक्षमतामा सुधार ल्याउन अध्ययन भ्रमण तथा क्षमता बिकास तालिमहरु समयानुकुल आयोजना गरिनेछ । |
| **ख. सुसाशन तथा जवाफदेहितासँग सम्बन्धित** | |
| निर्णय र कार्यन्वयनमा जवाफदेहिता कायम गरी सुशासित गाउँपालिकाको रुपमा स्थापित गर्ने । | १. गाँउपालिकालाई सुशासित तथा संस्थागत गर्न आम नागरिकको हित र सन्तुष्टिलाई सर्वोपरी ठानी कार्य सम्पादन गरिनेछ ।<br>२. जहाँ काम त्यहा प्रशासन, जसको प्रशासन उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रत्यक्ष उत्तरदायित्व सुनिश्चित गर्न दक्ष जनशक्ति परिचालन र व्यवस्थापन गरिनेछ ।<br>३. सबै सेवा प्रवाह हुने कार्यलयहरुमा सबैले देख्ने र वुझ्ने गरी बडा नागरिकपत्र राखिएकोमा सेवाप्रवाहमा क्षतिपूर्ति प्रणालीको व्यवस्था गरिनेछ ।<br>४. सेवा प्रवाह, सेवा प्रवाहको प्रकृया, दस्तुर, अवधि, निर्णय प्रकृया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिनेछ ।<br>५. वर्षिक बजेट तथा कार्यक्रमलाई सवैको जानकारीको लागि गाउँपालिकाको वेबसाइटमा राखिने छ । |
| **ग. स्थानीय वित्त तथा श्रोत परिचालन** | |
| आन्तरिक, संघ, प्रदेश तथा अन्य श्रोतबाट प्राप्त गाउँपालिकाको श्रोतलाई पारदर्शी ढंगबाट गाउँको बिकास तथा उन्नतिको लागि अत्याधिक परिचालन गर्ने । | १. राजस्व परिचालन समिति मार्फत गाँउपालिका भित्रको प्राकृतिक स्रोत साधन र व्यवसाय, पुर्वाधार सेवा र सबै आर्थिक कृयापकलापलाई करको दायरमा ल्याई राजस्वको दायरा फराकिलो, राजस्व नियन्त्रण, संकलन र बाँडफाँड गरिनेछ ।<br>२. आर्थिक कृयापकलाप अभिबृद्धि हुने गरी कर प्रणाली, संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील वनाइनेछ ।<br>३. करको दायरा फराकिलो बनाउन सम्भाव्यता अध्ययनको आधारमा राजस्व सुधार योजना बनाई लागु गरिनेछ । |
| **घ. योजना तर्जुमा तथा अनुगमनसँग** | |
| सहभागितामुलक योजना व्यवस्थापन (योजना तर्जुमा तथा कार्यन्वयन) प्रक्रियालाई सरल, | १. सहभागितामूलक योजना छनौट, प्रथमिकीकरण र तर्जुमा पद्धतिलाई अझ प्रभावकारी बनाउदै लगिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| सेवाग्राहीमैत्री र पारदर्शी बनाउने । | २. ठूला तथा महत्वपूर्ण योजनाहरु कार्यन्वयन गर्दा संघ र प्रदेश सरकार, संघ र प्रदेशसभाका प्रतिनिधि सदस्यज्युरु, अन्य स्थानीय तहहरु र सरकारी तथा गैर सरकारी संघ, संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।<br>३. योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा स्थनीय सहभागिता तथा अपनत्वलाई सुनिश्चित हुने गरी सञ्चालन गरिनेछ । |

### ८.३.३ संस्थागत विकास तथा सुशासन क्षेत्रको बिकास नतिजा तालिका

कोशी गाउँपालिकाको आवधिक योजना अवधिमा संस्थागत विकास तथा सुशासन क्षेत्रको बिकासको गतिलाई हेर्न तथा मापन र्गनको लागि तलिाका ८.३.४.१ मा बिकासको नतिजा तालिका (Logframe) दिईएको छ । यसलाई नतिजामा आधारित व्यवस्थापन (Result-base Management) को सिद्धान्त अनुसार बनाइएको छ ।

**तलिाका ८.३.४.१ संस्थागत विकास तथा सुशासन क्षेत्रको बिकास नतिजा तालिका**

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (०७८/७९ देखि ०८२/८३ सम्म) योजनाको लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ को अवस्था) | पहिलो वर्ष ०७८/७९ | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| **असर (उद्देश्य)** ५, सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तरमा अभिबृद्धि हुने । | गाउँपालिकाको नीति, कानून निर्णय र सेवा प्रवाह बाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७२ | ७३ | ७४ | ७५ | ७६ | ७७ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति÷ अनुगमन प्रतिवेदन | - स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ । |
| | गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम | रु. लाख | २४७ | २६० | २७० | २८० | २९० | ३०० | | |
| | संघीय सरकारबाट राजस्व बाँडबाँडबाट प्राप्त रकम | रु. लाख | ६६७ | ६६७ | ६६७ | ६६७ | ६६७ | ६६७ | | |
| **प्रतिफल ५.१**<br>(कानून तथा नीति नियम निर्माण र पालना)<br>कार्य सञ्चालन तथा सेवा प्रवाह प्रक्रिया सरल र पारदर्शी भएको हुनेछ । | गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीति | संख्या | १४ | १८ | २२ | २६ | २८ | ३२ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- विषगत शाखाहरुको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | • ऐन | संख्या | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| | • नियम तथा विनियम | संख्या | ३ | ५ | ७ | ९ | ११ | १३ | | |
| | • निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| **प्रतिफल ५.२** | गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम | रु. लाख | २४८ | २४७ | २६० | २७० | २८० | २९० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधार रेखा | लक्ष्य (०७८/७९ देखि ०८२/८३ सम्म) योजनाको लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७७/७८ को अवस्था) | पहिलो वर्ष ०७८/७९ | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोतमा बृद्धि भएको हुनेछ । | संघीय सरकारबाट राजस्व बाँडबाँडबाटप्राप्त रकम | रु. लाख | ६६७ | ६६७ | ६६७ | ६६७ | ६६७ | ६६७ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- विषगत शाखाहरुको प्रगति प्रतिवेदन<br>- अनुगमन समितिको अनुगमन प्रतिवेदन | - सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वार्षिक योजना तयारीको क्रममा आवधिक गाउँ बिकास योजनालाइ आधार मानिनेछ । |
| | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु. लाख | ८६ | ९८ | १०५ | ११० | ११५ | १२० | | |
| **प्रतिफल ५.३**<br>विकास व्यवस्थापन<br>स्थानीय विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक भएको हुनेछ । | गाउँपालिकाको बार्षिक वास्तविक खर्च रकम | प्रतिशत | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | | |
| | औषत वार्षिक वेरुजु रकम | रु. हजारमा | १०० | ० | ० | ० | ० | ० | | |
| | गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना÷कार्यक्रमबाट लगानी रकम | रु. हजारमा | ५००० | ७५०० | १०००० | १२५०० | १५००० | १७५०० | | |

## ८.३.४ कार्यक्रम तथा योजना

कोशी गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सञ्चालन गर्ने संस्थागत बिकास तथा सुशासन विषयगत क्षेत्रको कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ

***तालिका ८.३.४.१ संस्थागत बिकास तथा सुशासन क्षेत्रको कार्यक्रम तथा योजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको लक्ष्य | | | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | इकाई | आधार वर्ष ०७७/०७८ | लक्ष्य (०७८/७९ देखि ०८३/८३ सम्म) | | | | | | |
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौं वर्ष | | |
| **संस्थागत बिकास** | | | | | | | | ३६५,००० | |
| १. गाउँपालिका भवन निर्माण | वटा | ० | १ | १ | १ | १ | १ | २६,५००० | क्रमागत |
| २. वडा कार्यालय भवन निर्माण | वटा | ० | ३ | ३ | ३ | ३ | ३ | १०,०००० | क्रमागत |
| **क्षमता विकास** | | | | | | | | १४,०५० | |
| १. क्षमता विकास योजना निर्माण | वटा | ० | १ | | | | | १००० | गापास्तर |
| २. कर्मचारी तालिम | वटा | १ | ३ | ३ | ३ | ३ | ३ | १०५०० | गापास्तर |
| ३. जनप्रतिनिधिलाई क्षमता विकास तालिम | वटा | १ | ३ | ३ | ३ | १ | १ | २५०० | गापास्तर |
| ४. दमकल संचालन टिमलाई तालिम | पटक | | १ | | | | | ५० | गापास्तर |
| ४.१ **सेवा प्रवाह** | | | | | | | | २,८१५ | |
| १. सेवामा पारदर्शिता | पटक | १ | १ | १ | १ | १ | १ | १०० | क्रमागत |
| २. टोकन प्रणाली | पटक | | १ | | | | | १५ | |
| ३. अनलाइन सेवा प्रणाली बिकास | पटक | | १ | १ | १ | | | १५०० | |
| ४. होर्डिङ बोर्ड | पटक | | १ | १ | १ | १ | १ | २०० | क्रमागत |
| ५. घुम्ती सेवा | पटक | १ | १ | १ | १ | १ | १ | १००० | क्रमागत |
| **राजस्व परिचालन** | | | | | | | | २,०५० | |
| १. वैज्ञानिक कर निर्धारण | पटक | | २ | ३ | ३ | ३ | ३ | १५० | गापास्तर |
| २. करको दायरा फराकिलो बनाउने | पटक | | १ | १ | १ | १ | १ | १०० | गापास्तर |
| ३. कर सरल किसिमले भुक्तानी गराउने तालिम | पटक | | १ | १ | १ | १ | १ | ५०० | गापास्तर |
| ४. करदाता सचेतीकरण कार्यक्रम गराउने | पटक | | २ | २ | २ | २ | २ | ३०० | गापास्तर |
| ५. विद्युतीय माध्यमबाट कर तिर्ने व्यवस्था तालिम | पटक | | ४ | | | | | ५०० | गापास्तर |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | योजनाको लक्ष्य | | | | | | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | इकाई | आधार वर्ष ०७७/०७८ | लक्ष्य (०७८/७९ देखि ०८३/८३ सम्म) | | | | | | |
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | | |
| ६. राजस्व अध्ययन | पटक | | १ | | | | | ५०० | गापास्तर |
| सुशासन | | | | | | | | ४,८०० | |
| १. सार्वजनिक सुनुवाइ | वटा | ११ | २ | २ | २ | २ | २ | ५०० | गापास्तर |
| २. सामाजिक परीक्षण | वटा | १ | १ | १ | १ | १ | १ | ५०० | गापास्तर |
| ३. लैंगिक परीक्षण | वटा | १ | १ | १ | १ | १ | १ | ४०० | गापास्तर |
| ४. सामाजिक लेखा परीक्षण | वटा | ० | ५ | ७ | ९ | ११ | १३ | ४०० | गापास्तर |
| ५. कानुन निर्माण | वटा | १० | ५ | ५ | ५ | ५ | ५ | १५०० | गापास्तर |
| ६. न्यायिक सुनुवाइको व्यवस्था | वटा | १२४ | | | | | | १५०० | गापास्तर |
| **यस क्षेत्रको जम्मा** | | | | | | | | ३८८,७१५ | |

# परिच्छेद ९ बित्तीय श्रोत विश्लेषण तथा व्यवस्थापन

लामो समयपश्चात जननिर्वाचित प्रतिनिधिको नेतृत्वमा गाउँपालिका सञ्चालनमा आउनु आफैमा महत्वपूर्ण विषय हो । गाउँपालिका संस्थागत हुने क्रममा आर्थिक सकृयता र सम्पन्नता स्थानीय तहको लागि महत्वपूर्ण विषय बन्दै गएको छ । जनताको चाहना र आवश्यकता पुरा गर्ने दायित्व स्थानीय सरकारको छ भने त्यस्को लागि पालिकाहरुको समृद्धि र स्थायित्व अपरिहार्य छ । कोशी गाउँपालिकाले आवधिक योजना तर्जुमा गरिरहेको सन्दर्भमा यसको वित्तीय क्षमता के छ भनेर बिश्लेषण गर्नु अनिवार्य हुन्छ । यस खण्डमा गाउँपालिकाको वित्तीय क्षमताको विश्लेषण गरिएको छ । संघ, प्रदेश, बिकास साझेदार र अन्य श्रोतबाट प्राप्त हुने आम्दानी र आन्तरिक श्रोतलाई आधार मानी यो विश्लेषण गरिएको छ ।

## ९.१ बिगतमा प्राप्त स्रोतको अवस्था

आन्तरिक गाउँपालिकाको आन्तरिक आय थोरै भए पनि हरेक वर्ष बृद्दि हुदै गएको छ जुन सकरात्मक संकेत हो । आ. व. २०७५/७६ मा संघबाट प्राप्त बित्तीय समानीकरणको बजेट भने घटेर आइए तर पछिल्लो आर्थिक वर्षहरुमा क्रमस: बढिरहेको छ । आ. व. २०७५/७६ मा प्रदेशबाट प्राप्त हुने बित्तीय समानीकरण र सशर्त अनुदान अन्तर्गतको बजेट घटेर आएको छ । यस कुरामा पालिकाले सहजीकरणको भूमिका बढाउनु पर्ने देखिन्छ ।

तालिका नं. ९.१ गाउँपालिकाम बिगत ४ वर्षको आम्दानी (रु हजारमा)

| बजेटका स्रोतहरु | ०७६/०७७ | २०७५/७६ | २०७६/७७ | प्रबृत्ति प्रतिशत |
|---|---|---|---|---|
| **क. आन्तरिक आय तथा रोयल्टी** | **२५६०** | **३८५८** | **७१८८** | **०.१७** |
| १. आन्तरिक आय रकम | २,५६०.०० | ३,८५८.०० | ७,१८८.०० | ४५.७३ |
| द्द. रोयल्टीबाट प्राप्त रकम | | | | |
| **ख. संघीय सरकारबाट प्रप्त जम्मा अनुदान** | **२७३१०१** | **२६७४३७** | **३०९३००** | १०.७२ |
| १. वित्तीय समानीकरण अनुदान | १८७,७२६.० | ८२,४००.० | ८७,८००.०० | -१५.१५ |
| द्द। सशर्त अनुदान | ८५,३७५.०० | १३१,१९९.०० | १३६,५००.०० | ३२.१८ |
| ३. विशेष अनुदान रकम | | | ७,०००.०० | १४.२९ |
| ४.समपुरक अनुदान रकम | | | ३,०००.०० | ८.८९ |
| ५. राजस्व बाँडबाँड प्राप्त कुल रकम | | ५३,८३८.०० | ७५,०००.०० | १३.४१ |
| **ग. प्रदेश सरकारबाट प्राप्त जम्मा अनुदान** | **०** | **१५४९२** | **४०१२६** | २.६५ |
| १. वित्तीय समानीकरण अनुदान | | ४,९९२.०० | १०,१२६.०० | ४९.३४ |
| द्द. ससर्त अनुदान | | | १०,५००.०० | -२३.८१ |
| ३. विशेष अनुदान | - | | ६,५००.०० | -१२.८२ |
| ४. प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | - | १०,५००.० | १२,६००.० | -०.२१ |
| ५. राजस्व बाँडबाँड प्राप्त कुल रकम | - | | ४००.०० | ०.७५ |
| **घ. अन्य श्रोत** | ० | ० | ० | ० |
| १. गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी रकम | | | | |
| द्द. समुदायको लगानी तथा योगदान रकम | | | | |
| ३. निजी क्षेत्रको लगानी रकम | | | | |
| ङ. अ ल्या | ५५२० | ५३९९९ | ९०३५ | २५७.४८ |
| च. प्रदेश पुर्वाधार बिकास कार्यक्रम | | | १४८५० | -३३.३३ |
| **कूल बार्षिक बजेट** | **२८१,१८१.०** | **३४०,७८६.०** | **३८०,४९९.०** | १४.१२ |

श्रोत: कोशी गाउँपालिका २०७७

प्रदेश सरकारले कोशी गाउँपालिकाको भूगोलमा सञ्चालन गर्दै आएको भौतिक पूर्वाधारको कार्यक्रम समेत क्रमसः कमि हुदै गएको देखिन्छ ।

## ९.२ स्रोत अनुमान तथा प्रक्षेपण

कोशी गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना गाउँपालिका लगायत स्थानीयस्तरका सबै सरोकारवालाहरुको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जूमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाको आन्तरिक र वाह्य श्रोत तथा सरोकारवालाको लगानी स्रोतहरुको प्रक्षेपण गरी योजनाको लागि उपलब्ध हुन सक्ने कूल स्रोतको प्रक्षेपण गरिएको छ ।

प्रक्षेपण गर्ने क्रममा आन्तरिक आय र रोयल्टी बाँडफाँडबाट प्राप्त हुने बजेट २० प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ । त्यसरी नै संघबाट प्राप्त हुने समानीकरण र सशर्त अनुदानमा १५ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ भने प्रदेशबाट प्राप्त हुने बित्तीय समानीकरणको बजेट २० प्रतिशतले र सर्शत र बिशेष अनुदान १० प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ । यसैगरी बिकास साझेदार, निजि क्षेत्र र समुदायको सहभागिता औषतमा १० करोडको हाराहारी रहने अनुमान गरिएकोछ । यस आँकलनको आधारमा आगामी ५ वर्षमा ३ अर्ब २१ करोड, ४० लाख २४ हजार बजेट प्रवाह हुने देखिन्छ ।

***तालिका ९.३: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट (रू. हजारमा)***

| **बजेटका स्रोतहरु** | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **क. आन्तरिक आय रकम** | ९१८५ | ११०२२ | १३२२६ | १५८७१ | १९०४६ | ६८,३४९.६ |
| सम्पती कर | १२०० | १४४० | १७२८ | २०७४ | २४८८ | ८,९२९.९ |
| भुमि तथा मालपोत कर | ३०६४ | ३६७७ | ४४१३ | ५२९५ | ६३५४ | २२,८०३.४ |
| घर बहाल कर | ५३४ | ६४१ | ७६९ | ९२३ | ११०८ | ३,९७५.६ |
| अन्य मनोरञ्जन कर | ० | ० | ० | ० | ० | - |
| अन्य सेवा शुल्क तथा विक्रि | २५४७ | ३०५७ | ३६६८ | ४४०२ | ५२८२ | १८,९५६.४ |
| सिफरिस दस्तुर | ६६७ | ८०० | ९६० | ११५२ | १३८३ | ४,९६१.५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २०२ | २४२ | २९० | ३४८ | ४१८ | १,५००.२ |
| व्यवसाय कर तथा रजिस्ट्रेशन दस्तुर | ९४ | ११२ | १३५ | १६२ | १९४ | ६९६.५ |
| अन्य दस्तु | ८७७ | १०५२ | १२६३ | १५१५ | १८१८ | ६,५२६.० |
| **ख. राजस्व बाँडबाँडबाट प्राप्त रकम** | ९६२८२ | ११०७२५ | १२७३३३ | १४६४३३ | १६८३९८ | ६४९,१७१.७ |
| मुल्य अभिबृद्ध कर (संघीय सरकार) | ६९८७८ | ८०३६० | ९२४१४ | १०६२७६ | १२२२१८ | ४७१,१४५.८ |
| अन्तशुल्क | २५८७५ | २९७५६ | ३४२२० | ३९३५३ | ४५२५६ | १७४,४५९.१ |
| राजस्व बाँडबाँड (प्रदेश सरकार) | ५२९ | ६०८ | ७०० | ८०५ | ९२५ | ३,५६६.७ |
| पर्बतारोहन रोयल्टी | ० | ० | ० | ० | ० | - |
| रोयल्टी बाँडफाड बाट प्राप्त रकम | ० | ० | ० | ० | ० | - |
| **ग. संघीय सरकारबाट प्राप्त हुने अनुदान** | २७२८७१ | ३१३८०१ | ३६०८७१ | ४१५००२ | ४७७२५३ | १,८३९,७९८.१ |
| वित्तीय समानीकरण अनुदान | ८५५६० | ९८३९४ | ११३१५३ | १३०१२६ | १४९६४५ | ५७६,८७८.१ |

| बजेटका स्रोतहरु | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा |
|---|---|---|---|---|---|---|
| सशर्त अनुदान | १७३५११ | १९९५३७ | २२९४६८ | २६३८८८ | ३०३४७१ | १,१६९,८७५.१ |
| विशेष अनुदान रकम | १०००० | ११५०० | १३२२५ | १५२०९ | १७४९० | ६७,४२३.८ |
| समपुरक अनुदान रकम | ३८०० | ४३७० | ५०२६ | ५७७९ | ६६४६ | २५,६२१.० |
| **घ. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | १२४८७ | १९३६० | २२२६४ | २५६०४ | २९४४५ | १०९,१६०.८ |
| वित्तीय समानीकरण अनुदान | ६६०२ | ७५९२ | ८७३१ | १००४१ | ११५४७ | ४४,५१२.७ |
| ससर्त अनुदान | २८८५ | ३३१८ | ३८१६ | ४३८८ | ५०४६ | १९,४५४.१ |
| विशेष अनुदान | | ५००० | ५७५० | ६६१३ | ७६०४ | २४,९६६.९ |
| समपुरक अनुदान | ३००० | ३४५० | ३९६८ | ४५६३ | ५२४७ | २०,२२७.१ |
| **ङ. बिकास साझेदारबाट परिचालन हुने सरका** | ५८५२० | ६४३७२ | ७०८०९ | ७७८९० | ८५६७९ | ३५७,२७०.५ |
| गैसस, अगैसस, विकास साझेदारबाट संचालित कार्यक्रममा लगानी रकम | ५८५२० | ६४३७२ | ७०८०९ | ७७८९० | ८५६७९ | ३५७,२७०.५ |
| **च. समुदाय तथा निजि क्षेत्रको योगदान** | ३११६६ | ३४२८३ | ३७७११ | ४१४८२ | ४५६३१ | १९०,२७३.४ |
| समुदायको लगानी तथा योगदान रकम | १११२७ | १२२३९ | १३४६३ | १४८०९ | १६२९० | ६७,९२८.४ |
| निजी क्षेत्रको लगानी रकम | २००४० | २२०४४ | २४२४८ | २६६७३ | २९३४० | १२२,३४५.० |
| अ ल्या | | | | | | - |
| **कूल बार्षिक बजेट** | ४८०५११ | ५५३५६३ | ६३२२१६ | ७२२२८३ | ८२५४५१ | ३,२१४,०२४.१ |
| आन्तरिक आय रकमको योगदान | १.९ | २.० | २.१ | २.२ | २.३ | २.१ |

चित्र ९.१: गाउँपालिकाको वित्तीय श्रोत प्रक्षेपण




गत ३ वर्षमा बिकास साझेदार, गैसस र निजि क्षेत्रबाट कार्यक्रम तथा अनुदान प्राप्त भएको देखिदैन । श्रोत प्रवाह विश्लेषणमा यस क्षेत्रको योगदानलाई समावेश नगरिए तापनि गाउँपालिकाले समपुरक बजेटको व्यवस्था गरेर थप बजेट र समसामयिक परिस्थितिमा विशेष अनुदान प्राप्त गर्न सकने सम्भावनालाई नकार्न भने सकिन्न । यसको आधारमा यो अवधिमा माथि उल्लेख गरे भन्दा बढि बजेट प्राप्त हुन सक्ने देखिन्छ ।

**नोटः**

- *यस प्रक्षेपनमा आव २०७४/७५ देखि २०७६/७७ को यथार्थ आयलाई आधार वर्षको आय र आ.व. २०७७/७८ को लागि प्रस्तावित आयलाई नै सो वर्षको अनुमानित आयको रुपमा गणना गरिएको छ ।*
- *२०७७/७८ देखि २०८१/८२ (५ वर्षको) आयलाई मात्र कुल अनुमानित आयमा समावेश गरिएको छ ।*
- *सामजिक सुरक्षातर्फको आय एवं अन्य स्थानीय तह, जिल्ला समन्वय समिति, सांसद विकास कोषबाट प्राप्त हुनसक्ने आयलाई यस प्रक्षेपणमा समावेश गरिएको छैन ।*

## ९.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट

कार्यशाला गोष्ठीको छलफल, प्राविधिक संभाव्यता तथा प्रति इकाई लागतका आधारमा आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ। सो अनुसार आवधिक विकास योजना अवधिलाई जम्मा ४ अर्ब, २२ करोड, १३ लाख १७ हजार खर्च आवश्यक पर्ने अनुमान गरिएको छ। गाउँपालिकामा आगामी ५ वर्षमा रु ३ अर्ब २१ करोड, ४० लाख २४ हजार परिचालन हुन सक्ने अनुमान रहेको छ। यो अवधिमा १ अर्ब ७२ लाख ९२

हजार (२३.८ प्रतिशत) बजेट नपुग हुर्ने देखिन्छ । योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ९.४ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट***

| सि. नं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|---|
| उद्देश्य १ | **क. आर्थिक बिकास** | ४४२२०० | १०.५ |
| प्रतिफल १.१ | • कृषि विकास (ब्याबसायीकरण | ९७५०० | २.३ |
| प्रतिफल १.२ | • सिंचाइ पूर्वाधार बिकास | २११५०० | ५.० |
| प्रतिफल १.३ | • पशु सेवा | २६२०० | ०.६ |
| प्रतिफल १.४ | • उद्योग र ब्यापार | ३१००० | ०.७ |
| प्रतिफल १.५ | • बैंक, सहकारी तथा वित्तीय सेवा | १०००० | ०.२ |
| प्रतिफल १.६ | • पर्यटन | ६६००० | १.६ |
| उद्देश्य २ | **ख. सामाजिक बिकास क्षेत्र** | १०६५०२ | २.५ |
| प्रतिफल २.१ | • **शिक्षा तथा खेलकुद** | ३४५५०२ | ८.२ |
| प्रतिफल २.२ | • **स्वास्थ्य** | ३४८५०० | ८.३ |
| प्रतिफल २.३ | • **खानेपानी तथा सरसफाई** | १८८५०० | ४.५ |
| प्रतिफल २.४ | • **महिला, बालवालिका, जेष्ठ नागरिक तथा सामावेसी** | ५१५०० | १.२ |
| प्रतिफल २.५ | • **युवा तथा रोजगार** | ६२५०० | १.५ |
| प्रतिफल २.६ | • **भाषा तथा संस्कृति** | ३०००० | ०.७ |
| उद्देश्य ३ | **ग. भौतिक पूर्वाधार** | २५१२००० | ५९.५ |
| प्रतिफल ३.१ | • सडक तथा यातायात | १७५०००० | ४१.५ |
| प्रतिफल ३.२ | • पुल कल्भर्ट | २४००० | ०.६ |
| प्रतिफल ३.३ | • बस्ती, आबास तथा भवन | ७३८००० | १७.५ |
| उद्देश्य ४ | **घ. वन, वातावरण तथा विपद् व्यवस्थापन** | **७७१९००** | १८.३ |
| प्रतिफल ४.१ | • वन क्षेत्रको दीगो व्यवस्थापन | १३९०० | ०.३ |
| प्रतिफल ४.२ | • वातावरण तथा जलवायु परिवर्तन | १४८०० | ०.४ |
| प्रतिफल ४.३ | • फोहरमैला ब्यबस्थापन | ६६५०० | १.६ |
| प्रतिफल ४.४ | • भू तथा जलाधार व्यवस्थापन | १५७३०० | ३.७ |
| प्रतिफल ४.५ | • विपद् व्यवस्थापन | ५१९४०० | १२.३ |
| उद्देश ५ | **ङ. संस्थागत बिकास तथा सुशासन** | ३८८,७१५ | ९.२ |
| प्रतिफल ५.१ | • संस्थागत पूर्वाधार बिकास | ३६५,००० | ८.६ |
| प्रतिफल ५.२ | • क्षमता विकास | १४,०५० | ०.३ |
| प्रतिफल ५.३ | • सेवा प्रवाह | २,८१५ | ०.१ |
| प्रतिफल ५.४ | • राजस्व परिचालन | २,०५० | ०.० |
| प्रतिफल ५.५ | • सुशासन | ४,८०० | ०.१ |

| सि. नं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|---|
| उद्देश्य १ | **क. आर्थिक बिकास** | ४४२२०० | १०.५ |
| | कुल जम्मा | ४,२२१,३१७ | १००.० |

## आवधिक योजनाको अनुमानित ाेतको क्षेत्रगत अनुपात

आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासन गरी ५ वटा क्षेत्रगत समुहमा योजना तर्जुमा गरिएकोमा भौतिकि पूर्वाधार क्षेत्रले सवै भन्दा बढि बजेट भार प्रस्ताव गरेको छ भने दोश्रो मा आर्थिक विकास क्षेत्रले  गरेको छ। त्यसरी नै सवै भन्दा कम बजेट वन, वतावरण र विपद् व्यवस्थापन क्षेत्रबाट प्रस्ताव भएको छ (चित्र ९.२)।

चित्र ९.२: आवधिक योजनाको अनुमानित श्रोतको क्षेत्रगत अनुपात

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|
| ५. **आर्थिक बिकास** | ४४२२०० | १०.४ |
| ६. **सामाजिक बिकास क्षेत्र** | १०६५०२ | २.५ |
| ७. **भौतिक पूर्वाधार** | २५१२००० | ५९.५ |
| ८. **वन, वातावरण तथा विपद् व्यवस्थापन** | **७७१९००** | १८.३ |
| ९. **संस्थागत बिकास तथा सुशासन** | ३८८,७१५ | ९.२ |
| कुल जम्मा | ४,२२१,३१७ | १००.० |

## ९.४ श्रोत परिचालन रणनीति

आवधिक विकास योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम सञ्चालन गरी अपेक्षित नतिजा हासिल गर्न ४ अर्ब, २२ करोड, १३ लाख १७ हजार  रुपैया आवश्यक पर्ने अनुमान गरिएको छ। आवधिक विकास योजनाको अवधि ५ बर्षमा विभिन्न स्रोतहरुबाट ३ अर्ब २१ करोड, ४० लाख श्रोत प्रक्षेपण गरिएको छ। यस अनुसार १ अर्ब ७२ लाख ९२ हजार रुपैया अपुग हुने देखिन्छ। यस सम्बन्धी विवरण तालिका ९.५ मा प्रस्तुत गरिएको छ।

***तालिका 9: उपलब्ध हुन सक्ने बजेट अनुमानित खर्चको तुलना***

रकम रु. हजारमा

| श्रोत परिचालन विवरण | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| आवधिक योजनाको लागि आवश्यक अनुमानित श्रोत | ४,२२१,३१७ | १०० |
| आवधिक योजना अवधिको प्रक्षेपित श्रोत | ३,२१४,०२४ | ७६.१३ |
| अपुग श्रोत | १,००७,२९२ | २३.८७ |

आवधिक योजना कार्यान्वयनका लागि उपरोक्त नपुग श्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ ।

- आन्तरिक श्रोत (सम्पत्ती कर, व्यवसाय कर, सेवा शुल्क, नदीजन्य पदार्थ विक्री) दायरा र दर बढाउने तथा प्रक्रिया व्यवस्थित गर्ने
- **प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र विशेष अनुदान घट्दो क्रममा रहेकोले रकम बढाउन पहल तथा पैरवी गर्ने ।**
- **संघ र प्रदेशबाट प्राप्त हुने समपुरक बजेट बृद्धि गराउन गापाले पनि समपुरक बजेटमा बृद्धि गर्ने ।**
- गाउँपालिका गौरवका ठूला योजनाहरुको म्एच तयार गरी संघ, प्रदेश तथा बिकास साझेदारसँग विशेष अनुदानको लागि पहल गर्ने ।
- निर्वाचन क्षेत्र बिकास कोषको लागि पहल तथा पैरवी गर्ने ।
- गैसस तथा विकास साझेदारसँग साझेदारी र सहकार्य गरी बजेटमा बृद्धि गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा बृद्धि गर्ने
- निजी क्षेत्रको लगानी र साझेदारी अभिबृद्धि गर्ने
- उत्पादनमूलक आयोजनामा नेपाल सरकारको स्वीकृती लिई ऋण परिचालन गर्ने
- लगानी सम्मेलन तथा पैरवी गरी लगानी भित्राउने

## ९.५ आवधिक विकास योजना कार्यान्वयन

आवधिक योजनामा आधारित भई वार्षिक योजना तथा बजेट तर्जूमा गरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ । यसरी वार्षिक योजना तथा वजेट तर्जूमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, नीति तथा कार्यनीति एवं कार्यक्रमलाई आधार लिईनेछ ।

आवधिक विकास योजनामा आधारित भई तीन बर्षको खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गरिनेछ र सो बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक योजना तथा बजेट तर्जूमा गरी कार्यान्वयन गरिने छ । यसरी वार्षिक योजना तथा वजेट तर्जूमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईने छ ।

आवधिक विकास योजनाको स्वीकृती पछि गाउँ कार्यपालिकाले सवै विषयगत समिति एवं शाखा, सवै वडा कार्यालय तथा सम्बन्धित सरोकारवालालाई बार्षिक योजना मार्फत योजनाको कार्यान्वयनको लागि लिखित जानकारी गराइने छ । आवधिक विकास योजनको लक्ष्य, उद्देश्य, रणनीति, नतिजा तालिका तथा भौतिक लक्ष्य र कार्यक्रमका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जूमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ ।